मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

हिमालले भोगिरहेको जलवायु परिवर्तनको गम्भीर चुनौती



समाचार पृष्ठ ७ मा

वर्ष ३ · अंक २ · २०८१ साल कार्तिक २६ गते सोमबार · Monday 11, November 2024 · सूर्योदय: बिहान ६:२२ बजे · सूर्यास्त: साँझ ५:१६ बजे · पृष्ठ ८ · मूल्य रु. ५/-

## व्यवस्था नफालेसम्म देश र जनता कंगालः प्रसाईं



**सञ्जय मिश्रा**
**रौतहट ।**
राष्ट्र, राष्ट्रियता धर्म, संस्कृति तथा नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाईंले यो व्यवस्था रहेसम्म नेताहरु धनी र देश तथा जनता कंगाल हुँदै जाने भएकाले यसको विकल्प खोज्नुपर्ने बताएका छन् ।

लोकतन्त्रका नाममा भ्रष्टाचार गरी अकुत सम्पत्ति कमाएर नेताहरु धनी भएको र देश तथा जनता गरिब हुँदै गएकाले व्यवस्था फालेर आमजनता मालिक हुने व्यवस्था ल्याउनुपर्ने प्रसाईंले बताए ।

नागरिक बचाउ महाअभियान जिल्ला कमिटी रौतहटले आइतबार गरुडामा गरेको सभामा प्रसाईंले यस्तो बताएका हुन् ।

जनतालाई मालिक बनाउने भनेर एमाले, कांग्रेसलगायतका राजनीतिक दलले सोझा जनता उक्साएर राजतन्त्र ढालेर नेताहरु आफ्नो स्वार्थपूर्तिमा लागेको उनले टिप्पणी गरे । बिगतमा अन्य देशलाई सहयोग गर्ने नेपाललाई नेताहरुले भिख माग्नेको देश बनाएको भन्दै एक नेपालीको टाउकोमा ८० हजार रुपैयाँ वैदेशिक ऋण बोकाएर देशव्यापीरूपमा जनतालाई जागरुक गराउन अभियान चलाएको प्रसाईंले बताए ।

अहिले १६ मारवाडी, १० बिचौलिया, ३० भ्रष्ट नेतासहित ६० जना मिलेर देशलाई चरम गरिबीको भूमरीमा फसाएकाले देशलाई बर्बादीबाट जोगाउने अभियानको उद्देश्य रहेको उनको भनाइ थियो । देशका अधिकांश नागरिक बैंक, सहकारी, लघुवित्त संस्था र मिटरब्याजबाट पीडित भएको अवस्थामा राज्यले यी समस्या समाधान गर्न ध्यान नदिएको उनले दाबी गरे ।

चर्को ब्याजमा ऋणको सावाँ तिर्न नसकेर जनताका छोरछोरी विदेश पलायन भएका छन् भने कैयौँ मानिस ऋणको भारीले आत्महत्या गर्न बाध्य भएको प्रसाईंले बताए । देशव्यापी अभियानले बैंक वा सहकारी संस्थाबाट लिएको २० लाख रुपैयाँ भन्दा मुनिका ऋण मिनाहा गराएरै छाड्ने प्रसाईंले उद्घोष गरे ।

कार्यक्रममा ठूलो संख्यामा स्थानीयको उपस्थिति थियो । गरुडास्थित प्रसाईंको सम्बोधन सभामा सहभागी हुन हात्ती चढेर सर्वसाधारण आएको दृश्य देखिएको थियो ।

## आजपा मधेश र काठमाडौमा एकसाथ सडकमा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
पूर्वमन्त्री प्रभु साह नेतृत्वको आम जनता पार्टी (आजपा)ले मंसिर १ गते काठमाडौमा विरोध प्रदर्शनका साथै मधेशमा भ्रष्टाचारबिरोधी विशेष जागरण अभियान शुरु गर्ने भएको छ । मुलुकमा बढ्दै गइरहेको भ्रष्टाचार, अनियमितता, कुशासनका साथै सरकारको अनावश्यक कर एवम् महंगीविरुद्ध आजपाले आन्दोलन गर्दै आएको छ । यही बिषयलाई लिएर आजपाले काठमाडौमा विरोध प्रदर्शन गर्नुका साथै मधेश प्रदेशमा विशेष जागरण अभियान सञ्चालन गर्न लागेको हो ।

वरिष्ठ उपाध्यक्ष तिलक थापामगरले सरकार कुम्भकर्णजस्तै सुतिरहेको अवस्थामा आमजनताको समस्याबारे जानकारी गराउन पार्टीले काठमाडौसहित मधेशमा एकैदिन विरोध प्रदर्शनका साथै विशेष अभियान सञ्चालन गर्न लागेको बताए । 'सरकारलाई आमजनताको समस्या, चाहना के हो भन्नेबारे कुनै चासो देखिएन । कुम्भकर्ण जस्तो सुतेको सरकारलाई आमजनताको समस्या र सरकारको मनपरी कार्यशैलीका विरोधमा अब जनता सडकमा आउन बाध्य भएका छन्,' आजपा वरिष्ठ उपाध्यक्ष थापाले भने, 'मुलुकमा भ्रष्टाचार बढ्दै गइरहेको छ, कुशासन, अनियमितता बढ्दैछ । सोझासाझा जनतामाथि अनावश्यक करमाथि कर थुपार्ने काम सरकारले गरेको छ । यस्तो अवस्थामा सरकारलाई सचेत गराउन सडक संघर्षको विकल्प नै भएन ।'

आइतबार काठमाडौस्थित आजपा केन्द्रीय कार्यालयमा बसेको पार्टीको काठमाडौ उपत्यका विशेष कमिटी बैठकले देशको अर्थतन्त्र बचाउन मंसिर १ गते 'सरकारको अनावश्यक कर हटाऊ, देशको व्यापार व्यवसाय बचाऊ' भन्ने मूल नाराका साथ विरोध प्रदर्शन गर्ने निर्णय गरेको छ । काठमाडौको शान्तिवाटिकामा बृहत् प्रदर्शन गर्ने निर्णय गरेको आजपाले सरकारपिच्छे सरकारको अनावश्यक करले देशको व्यापार व्यवसाय बर्बाद भइरहेको, देशको अर्थतन्त्र बचाउन युवा उठ्न आवश्यक रहेको आजपा सचिव नारायण पाण्डेले जानकारी दिए । 'हामीले मंसिर १ गते काठमाडौको शान्तिवाटिकामा वृहत विरोध प्रदर्शन गर्ने निर्णय गरेका छौँ । सरकारको मनपरी करमाथिको कर हटाउनुपर्ने, युवालाई रोजगार दिनुपर्ने, भ्रष्टाचार, कुशासन, अनियमिततालगायतको विरोधमा हामी शान्तिपूर्ण प्रदर्शनमा जानेछौँ,' आजपा सचिव पाण्डेले भने ।

यस्तै, छठपर्व अघि वीरगंजमा बसेको आजपाको प्रदेश कमिटीको पदाधिकारी बैठकले भ्रष्टाचारको विरोधमा मधेशमा विशेष जागरण अभियान सञ्चालन गर्ने निर्णय गरेको थियो ।

आजपा मधेश प्रदेशका प्रवक्ता एवम् केन्द्रीय सदस्य डा. हेमप्रसाद साहले यो अभियान मधेश प्रदेशका आठवटै जिल्लामा हुने बताए । मधेश प्रदेशको सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा जिल्लामा सञ्चालन हुने जागरण अभियान एक हप्तासम्म चल्ने उनले बताए । पार्टीका अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहसहित पार्टीका नेताकार्यकर्ताको विशेष सहभागिता अभियानमा हुने प्रवक्ता साहले बताए । सप्तरीबाट शुरु हुने अभियान पर्सामा आएर सम्पन्न हुनेछ । मधेशका प्रमुख शहरमा सभा, प्रदर्शन, बैठक, भेलालगायतका गतिविधि हुने अभियानले पार्टीले पहिलोपटक गर्न लागेको छ ।

यसअघि आजपाले काठमाडौसहित विभिन्न शहर एवम् जिल्लामा विशेष प्रदर्शन गर्दै आएको छ । भ्रष्टाचार, अनियमितता, कुशासन, मनपरी कर, महंगी, बेरोजगारी, वैदेशिक रोजगारीमा ठगी, भन्सारको मनोमानी करलगायतका विषयमा आजपाले आवाज उठाउँदै आएको छ । 'हाम्रो महान तथा गौरवशाली पार्टी आमजनता पार्टी, मधेश प्रदेश कमिटीको विशेष संयोजनमा मंसिर १ गतेदेखि देशमा बढदो लुट, आतंक, भ्रष्टाचार एवम् विभेदविरुद्ध मधेश जागरण अभियान सञ्चालन गर्ने तथा देशमा तीन तहका सरकारले सरकारपिच्छे मनपरीरुपमा कर आतंक खडा गरी आमनेपाली जनतालाई दुःख दिइरहेको स्थितिलाई बदल्न एवम् देशभर शून्य कर नीतिलाई प्रोत्साहन गर्ने गराउने पुनीत उदेश्यका साथ मंसिर १ गते नै उपत्यका विशेष कमिटीको आयोजनामा संघीय राजधानी काठमाडौमा विशेष प्रदर्शन गर्ने निर्णय समेत गरिएको छ,' आजपा प्रवक्ता चन्द्रभुषण साहले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

## नोभेम्बर १८ मा अयोध्यामा रामको तिलकोत्सव

**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
यसपटक भगवान रामको तिलकोत्सव नोभेम्बर १८ मा अयोध्यामा हुने भएको छ । भगवान श्रीरामको ससुराल जनकपुरधामबाट तिलक सामग्री ५ सय १ भार साधनसहित तिलकोत्सवमा सहभागी हुनेहरु १७ नोभेम्बरमा गढीमाई हुँदै अयोध्या जाने भएका छन् । १८ नोभेम्बरमा श्रीरामको तिलकोत्सव मनाइनेछ ।

विश्व हिन्दू परिषद नेपाल धनुषाले तिलकोत्सव कार्यक्रम गरेको हो । सन्तोष साहको अध्यक्षतामा शनिबार जानकी मन्दिरमा बसेको बैठकले यस्तो निर्णय गरेको हो । बैठकमा मधेश प्रदेश शिक्षा, संस्कृति मन्त्री रानी शर्मा, जानकी मन्दिरका महन्त श्रीराम तपेश्वर दास वैष्णव, जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशनदास वैष्णव, विश्व हिन्दू परिषद नेपालका उपाध्यक्ष रघुनाथ साह, जनकपुरधामका मेयर मनोजकुमार साह, जनकपुरधाम बृहत्तर विकास परिषद्का अध्यक्ष शीतल साह, जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारी, मारवाडी सेवा समिति जनकपुरधामका अध्यक्ष निर्मल चौधरी, राम युवा समितिका अध्यक्ष सरोजकुमार साह, महावीर युवा समितिका अध्यक्ष अजयकुमार गुप्तालगायतको उपस्थिति थियो ।भगवान श्रीरामका लागि कपडा, गहना, विभिन्न प्रकारका मिठाई, सुक्खा मेवा, फलफूल राखिनेछ । जानकी मन्दिरका उत्तराधिकारी महन्त श्रीराम रोशनदास वैष्णवले पहिलोपटक यस्तो कार्यक्रम आयोजना गर्न लागिएको बताए । यसले अयोध्या र जनकपुरधामबीचको सम्बन्धलाई थप प्रगाढ बनाउने छ । तिलकोत्सवमा सहभागी हुन उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथलाई निमन्त्रणा गरिएको छ ।

## प्रधानाध्यापकमाथि गोली प्रहार

**मधेशदृष्टि**
**सर्लाही ।**
अज्ञात समूहको गोली प्रहारबाट सर्लाहीमा प्रधानाध्यापक गम्भीर घाइते भएका छन् । सर्लाही र सिन्धुलीको सिमानास्थित हरिहरपुरगढी गाउँपालिका–६ स्थित बागमती किनारमा आइतबार अज्ञात समूहले मकवानपुरको बागमती गाउँपालिका–१, बोटगाउँका प्रेमबहादुर बोम्जनमाथि गोली प्रहार गरेको हो । इलाका प्रहरी कार्यालय कर्मैयाका प्रहरी सहायक निरीक्षक कलमबहादुर शाहीका अनुसार गोली बोम्जनको गालामा लागेको हो ।

घटनालगत्तै इलाका प्रहरी कार्यालय कर्मैयाबाट प्रहरी सहायक निरीक्षक शाहीको नेतृत्वमा टोली घट्नास्थलमा पुगेको थियो । घाइते प्रधानाध्यापक बोम्जनको बागमतीस्थित बागमती मोडल अस्पतालमा सामान्य उपचार गरिएको थियो । उनलाई थप उपचारका लागि बारा लगिएको प्रहरीले जनाएको छ ।

प्रधानाध्यापक बोम्जन रौतहटको गैयाटारस्थित आफन्तको घरबाट बागमती–झनझने सडक हुँदै ना४०प ६६४६ नम्बरको मोटरसाइकलमा घर फर्कंदै थिए । उनी मकवानपुरको बकैया गाउँपालिकास्थित बुद्ध माध्यमिक विद्यालय हात्तीसुँडेका प्रधानाध्यापक हुनन् । घटनाबारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यलयले जनाएको छ ।

## 'सामाचकेवा आत्मानुशासनको पर्व'




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले नेपाल ललितकला प्रज्ञा–प्रतिष्ठान र मैथिली विकास कोषद्वारा जनकपुरधाममा आयोजित सामाचकेवा मूर्तिकला निर्माण कार्यशाला उद्घाटन गरेका छन् । मुख्यमन्त्री सिंहले मधेशका पर्व तिहारले सामाजिक सम्बन्धलाई सुदृढ बनाउन तथा नयाँ पुस्तामा आत्मानुशासन तथा समूहबद्ध भएर काम गर्ने संस्कार र चेतना दिनुका साथै असल जीवनशैलीको अभ्यासका लागि प्रेरित गर्ने बताए ।

उनले सामाचकेवा पर्वले भाइबहिनीबीचको स्नेहलाई प्रकट मात्र गर्ने नभएर टोलछिमेकसँगको कसिलो र सार्थक सम्बन्ध तथा तथा त्यसबाट सकारात्मक परिणाम खोज्ने रीति रहेको पर्वका क्रममा उधिन्ने विषयवस्तु, परिवेश र पात्रहरूले आदर्श समाज निर्माणको परिकल्पना गरेको बताए ।

सबै चाडपर्वका पछाडि आध्यात्मिक, वैज्ञानिक र भौतिक चेतनासँग जोडिएका मूल्यमान्यता रहेको प्रस्ट पार्दै मुख्यमन्त्री सिंहले सांस्कृतिक तथा परम्परागत पर्व तिहारको प्रवद्र्धनका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको उल्लेख गरे । उनले सामाचकेवाका पात्रहरूको परिचय र महत्वसहितको आधिकारिक विवरण समेटिएको श्रव्यदृश्य निर्माण गर्न सञ्चारकर्मीहरूसँग आग्रह गरे । उनले भने, 'सांस्कृतिक उत्सव र यसभित्रका अन्तर्वस्तुको अभिलेखीकरण हुनेछ ।' नेपाल ललितकला प्रज्ञा–प्रतिष्ठानका कुलपति नारदमुनि हार्तम्छालीले अनुसन्धान, सिर्जना र सम्मान गर्ने उद्देश्यले सामाचकेवासम्बन्धी कार्यशाला आयोजना गरिएको उल्लेख गर्दै मूर्तिकलामा निपुणताबाट जीविकोपार्जनको अवसर जुर्नसक्ने बताए । उनले कार्यविधिबाट नभएर ऐनबाटै मधेशमा प्रज्ञा–प्रतिष्ठान गठन गर्न सुझाव दिए ।

मधेश प्रदेशसभा सदस्य रामसरोज यादवले संस्कृति उत्थानका लागि मैथिली विकास कोषले काम गरिरहेकामा त्यसको सराहना गरे । जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहले सामाचकेवा लोप नभई सामाचकेवाका पात्रहरूका बारेमा परिचय तथा भूमिका पुनःस्थापित हुन आवश्यक रहेको बताए । साहित्यकार डा. राजेन्द्र विमलले मिथिलाञ्चलका परम्परा पछाडि जीवनमूल्य रहेको उल्लेख गरे । प्रतिष्ठानका मूर्तिकला विभाग प्रमुख एवम् प्राज्ञ सदस्य दिनेश महतोले रैथाने कलालाई इतिहासका पानामा हराउन नदिन नयाँ पुस्तालाई हस्तान्तरण गर्नुपर्ने बताए । कोषका अध्यक्ष जीवनाथ चौधरीले सामाचकेवाका मूर्ति निर्माण कार्यशालाबाट नयाँ पुस्तामा समेत आफ्ना परम्परागत कला सिक्न र जगेर्ना गर्ने कौशल हासिल हुने बताए । उनले जनकपुरधाम तथा यहाँका धरोहरको गौरव गरिमा वृद्धि गर्नेगरी जनक र जानकीको मूर्ति उत्पादन गर्नुका साथै बिक्री–वितरण गर्ने प्रबन्ध हुनुपर्नेमा जोड दिए ।

कार्यक्रममा मुख्यमन्त्री सिंह र नेपाल ललितकला प्रतिष्ठानका कुलपति हार्तम्छालीलाई आयोजक संस्थाले सम्मान गरेको थियो । मिथिलाञ्लका गायक सुनिलकुमार मल्लिकले सामाचकेवाका गीत गाएका थिए ।



**फाल्गुनन्द लिङ्देनको शालिकः** इलामको सन्दकपुर गाउँपालिका–४ माबुमा निर्माण गरिएको राष्ट्रिय विभूति फाल्गुनन्द लिङ्देनको पूर्णकदको शालिक । फाल्गुनन्दको १४० औँ जन्मजयन्तीका अवसरमा आइतबार किरात धर्मगुरु आत्मानन्द लिङदेनले उनको शालिक अनावरण गरेका हुन् । तस्बिरः रामकुमार लिम्बू/रासस

# घट्दै डेङ्गु सङ्क्रमण

**काठमाडौं ।**
घट्दो तापक्रम र डेङ्गु नियन्त्रणका लाागि गरिएका विभिन्न अभियानले डेङ्गु सङ्क्रमण घट्दै गएको छ । स्वास्थ्य सेवा विभाग अन्तर्गतको ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा(इडिसिडी)का किटजन्य रोग नियन्त्रण शाखाका प्रमुख डा. गोकर्ण दाहालले तथ्याङ्कले डेङ्गु सङ्क्रमणको टे«न्ड घट्दै गएको बताए ।

उनले भने, ‘डेङ्गु नियन्त्रणका लागि पालिकादेखि खोज र नष्ट अभियान सञ्चालन भएका छन् ।

तापक्रम घट्नु पनि यसको कारण हो । प्राकृतिक रुपमै चिसोमा लामखुट्टेले अण्डा उत्पादन गर्ने प्रक्रिया कम हुन्छ ।’

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले केही समयअघि डेङ्गु नियन्त्रणका लागि देशव्यापी रुपमा लामखुट्टेको बास स्थानको खोजी र नष्ट अभियान शुरु गरेको थियो । मन्त्रालयले हरेक शुक्रबार १० बजेर १० मिनेटमा मन्त्रालय, विभाग, निजामति कर्मचारी, सुरक्षा निकाय, सामाजिक अभियन्ताका साथै आम नागरिकलाई सहभागी हुन आह्वान गरेको थियो । सरकारी तथा गैरसरकारी संस्था तथा नागरिकस्तरमा यो अभियान सञ्चालन भइरहेको छ ।

दाहालले विगतका वर्षको भन्दा अहिले सङ्क्रमण दर घटेको बताए । उनले भने, ‘त्यस्ता खालका अभियानले पनि घट्न मदत गरेको छ । डेङ्गु विश्वव्यापी खतराको रुपमा देखिएको छ । अरु देशको अनुभव हेर्नु भयो भने सङ्क्रमण र अस्पताल भर्ना हुनेको दर पनि बढ्दो छ । हामीले अझै धेरै गर्नुपर्नेछ तर पनि हाम्रो प्रयास र मेहनतले गर्दा सङ्क्रमणलाई घटाएका छौँ ।’

इडिसिडीले उपलब्ध गराएको नोभेम्बर ८ सम्मको तथ्याङ्कअनुसार हाल सबैभन्दा बढी कास्कीमा सात हजार दुई सय ८६ जनामा डेङ्गु सङ्क्रमण देखिएको छ ।

त्यसैगरी काठमाडौमा चार हजार आठ सय तीन, तनहुँमा दुई हजार तीन सय ७३, पर्वतमा एक हजार सात सय ४९, ललितपुरमा एक हजार दुई सय ४१, बाग्लुङमा एक हजार दुई सय, चितवनमा एक हजार एक सय ७५, भक्तपुरमा एक हजार ३४ जनामा सङ्क्रमण पुष्टि भइसकेको छ ।

डेङ्गुबाट मृत्यु हुनेको सङ्ख्या भने हाल १२ छ भने ७६ जिल्लामा सङ्क्रमण फैलिएको छ । प्रत्येक वर्षको जुनदेखि अगस्टसम्मको समयलाई सामान्यतया डेङ्गुले महामारीको रूप लिन सक्ने समय मानिन्छ । नोभेम्बर ५ को तथ्याङ्क तुलना गर्ने हो भने समष्टिगत रुपमा चार दिनमा देशभर एक हजार दुई सय ४९ मा डेङ्गु सङ्क्रमण देखिन्छ । जुन अघिल्लो हप्ताको तथ्याङ्क हेर्दा कम हो ।

प्रमुख डा. दाहालले भने, ‘चार हप्तामा डेङ्गु सङ्क्रमण दुर्य हजार पाँच सयबाट तल आएको छ । यसको टे«न्ड एक महिनायता बिस्तारै घट्दो क्रममा छ ।’

विसं २०८० को पुस मसान्तसम्म देशभर झन्डै ५२ हजारभन्दा बढीमा डेङ्गु सङ्क्रमण पुष्टि भएकोमा २० जनाको मृत्यु भएको थियो ।

डेङ्गु एडिस एजिप्टाई जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने एक प्रकारको कीटजन्य रोग हो ।

लामखुट्टेको टोकाइबाट बच्न पूरा शरीर ढाक्ने कपडा लगाउने, खाल्डाखुल्डी पुर्ने, खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने, खाली भाँडाकुँडा घोप्ट्याएर राख्ने, पानीको ट्यांकी पूरै खाली गरेर सफा गरिरहने, सुत्ने बेला झुलको प्रयोग गर्नाले यसबाट बच्न सकिन्छ । रासस

# सातदिने निःशुल्क ऊर्जा ध्यान शिविर

**काठमाडौं ।**
काठमाडौंको नयाँबसपार्कमा सातदिने निःशुल्क ऊर्जा ध्यान शिविर सञ्चालन गरिएको छ । समाज उत्थान महिला मञ्चको आयोजना तथा जीवन विज्ञान प्रतिष्ठानको सहकार्यमा आजदेखि आगामी मङ्सिर १ गतेसम्म निःशुल्क ऊर्जा ध्यान शिविर सञ्चालन गरिएको हो । शिविर बिहान ५ बजेदेखि ६:३० बजेसम्म सञ्चालन भएको थियो ।

ध्यान शिविरमा नयाँबसपार्क र त्यस आसपासमा रहेर व्यापार व्यवसाय गरेर बसेका व्यक्ति लाभान्वित भएका छन् । सातदिने शिविरमा जीवन विज्ञान प्रशिक्षक नरेश गौतम र अनिता गौतमले प्रशिक्षण दिएको समाज उत्थान महिला मञ्चका अध्यक्ष जानुका नेपालले जानकारी दिइन् ।

अध्यक्ष नेपालले व्यक्ति स्वस्थ्य रहेमात्र देश स्वस्थ्य रहने भएकाले नयाँबसपार्क क्षेत्र र यस आसपासमा बसोबास गर्नेलाई लक्षित गरी ध्यानशिविर सञ्चालन गरिएको जानकारी दिइन् । रासस




# ‘नशामुक्ति र अपाङ्गतासम्बन्धी समस्या समाधान गर्न सहकार्य आवश्यक’

**काठमाडौं ।**
नशामुक्ति र अपाङ्गतासम्बन्धी समस्या समाधान गर्न सबैको आपसी सहकार्य र समन्वय आवश्यक पर्ने बताइएको छ । राजधानीमा शुरु भएको नशामुक्ति र अपाङ्गतासम्बन्धी जागरणमूलक युवा सम्मेलनको उद्घाटन सत्रमा सहभागी वक्ताले सहकार्य र समन्वयबाट समस्या समाधान गर्न सकिने धारणा राखेका हुन् ।

काशियाना फाउन्डेसनले आयोजना गरेको सम्मेलनको दीप प्रज्ज्वलन गरी उपराष्ट्रपति रामसहायप्रसाद यादवले उद्घाटन गरे । कार्यक्रममा युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले कतिपय युवाले माध्यमिक तह (९, १० कक्षा) मा प्रवेश गरेदेखि नशा सेवन शुरु गर्ने गरेको उल्लेख गर्दै यसबाट अपाङ्गताको अवस्थामा पुग्नेसम्मका समस्या आउने गरेको बताए ।

नेपालमा जनसङ्ख्याको ४२ प्रतिशत युवा रहेकाले तिनलाई सत्मार्गमा ल्याउने गरी योजनासहित काम गर्न लागिएको उहाँले जानकारी दिनुभयो । नेपालमा खुला सीमा भएकाले पनि धेरै लागुऔषध भित्रने गरेको मन्त्री चौधरीले बताए । नशामुक्ति अभियानका लागि संयुक्त रूपमा काम गर्नुपर्नेमा उनले जोड दिए ।

भारतीय जनता पार्टी (भाजपा) का महासचिव दुश्यन्त गौतमले काशियाना फाउन्डेसनले १० वर्षदेखि नशामुक्तिका क्षेत्रमा काम गरिरहेको जानकारी दिए । उनले नशामुक्तिका लागि दक्षिण एसिया क्षेत्रका देश मिलेर काम गर्नुपर्नेमा जोड दिए । फाउन्डेसनका संस्थापक सुमित अङ्कुर सिंहले नशामुक्तिका लागि नेपालको पशुपतिनाथबाट भारतको विश्वनाथसम्म संस्थाले जागरणमूलक पदयात्राको तयारी गरिएको जानकारी दिए । सम्मेलनमा ३० देशका युवा प्रतिनिधिको सहभागिता रहेको छ । कार्यक्रममा मणिपुरका विधायक रामेश्वर सिंह, फाउन्डेसनका अपाङ्गतासम्बन्धी सल्लाहकार दीपा मल्लिक, संरक्षक श्याम ज्याजु, नवीन वभनिया हरियाणा, डा भूपेन्द्र सिंह, आशीष गुप्तालगायतले नशामुक्तिका लागि आपसी सहकार्य हुनुपर्नेमा जोड दिएका थिए । रासस

# ठगीको अभियोगमा दुई पक्राउ

**काठमाडौं ।**
वैदेशिक रोजगारीमा दुबई पठाइदिने बहानामा रकम ठगेको अभियोगमा धादिङ गङ्गाजमुना गाउँपालिका–४ का सञ्जीव गुरुङ र क्यानडामा अध्ययनरत विद्यार्थीको कलेज शुल्क दाखिला गरिदिने भनेर ठगेको अभियोगमा सिन्धुपाल्चोक बलेफी गाउँपालिका–८ का गोकर्ण पराजुली पक्राउ परेका छन् ।

अभियुक्त गुरुङले दुबई पठाइदिन्छु भन्दै तीन जना पीडितबाट १९ लाख ७० हजार रुपैयाँ र पराजुलीले आठ लाख १७ हजार रुपैयाँ ठगेका थिए । अभियुक्तहरूलाई वैदेशिक रोजगार विभागसमक्ष पेश गरिएको केन्द्रीय प्रहरी समाचारकक्षले जनाएको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई पक्राउ गरेको हो ।

# एएफयुमा भेटेरिनरी अध्ययनतर्फ ५० कोटा थपियो




**चितवन ।**
कृषि तथा वन विज्ञान विश्वविद्यालय (एएफयु) मा पशु विज्ञान, पशुचिकित्सा तथा मत्स्य विज्ञान सङ्कायमा स्नातक तह अध्ययनका लागि ५० कोटा थप गरिएको छ । सङ्कायमा ५० जनाको कोटा रहेकामा अब यही शैक्षिक सत्रदेखि एक सय विद्यार्थीले अध्ययन गर्न पाउने भएका छन् ।

सङ्कायका डीन प्रा. डा. होमबहादुर बस्नेतले नेपाल भेटेरिनरी काउन्सिलबाट थप ५० सिटका लागि अस्थायी मान्यता प्राप्त गरी विद्यार्थी भर्नाका लागि सूचना प्रकाशन गरेको जानकारी दिए । विश्वविद्यालयले कात्तिक १३ गते सूचना प्रकाशित गरी आगामी मङ्सिर १३ गतेसम्म योग्यता पुगेका विद्यार्थीबाट आवेदन माग गरेको छ ।

साविकको ५० कोटामध्ये योग्यताक्रम (मेरिट)का आधारमा २०, प्रादेशिक सात, स्थानीय दुई, छात्रा दुई, दलित, आदिवासी जनजाति, मधेशी, अपाङ्ग, द्वन्द्वपीडित र सहिद परिवार र कर्मचारी कोटामा एक–एक जनालाई पूर्ण तथा आंशिक सहुलियतसहित बाँकी १४ काटाको हकमा पूर्ण शुल्क लिएर भर्ना गर्ने व्यवस्था विश्वविद्यालयले गरेको छ ।

विश्वविद्यालय विकास कोष कोटाअन्तर्गत अध्ययन गर्ने १४ विद्यार्थीले पाँच वर्षको छ लाख रुपैयाँ बुझाउनुपर्छ । अहिले थप गरिएका ५० कोटामा अध्ययन गर्ने विद्यार्थीले भने १२ लाख रुपैयाँ शुल्क किस्ताबन्दीमा बुझाउनुपर्ने प्रावधान रहेको डीन बस्नेतले जानकारी दिए । साविक ५० कोटाअन्तर्गतका विद्यार्थी भर्ना गरेपछि मात्रै थपिएको ५० कोटामा भर्ना गरिने छ । सोही सङ्कायले मत्स्य विज्ञानका २१ सिटमा विद्यार्थी भर्नाका लागि आवेदन खुला गरेको छ । मत्स्य विज्ञान अध्ययन गर्ने विद्यार्थीले तीन लाख १० हजार रुपैयाँ शुल्क बुझाउनुपर्ने विश्वविद्यालयले जनाएको छ ।

# खुम्बुमा जलवायुको असर

**काठमाडौं ।**
खुम्बु क्षेत्र हिमाल हेर्न रहर गर्नेका लागि जति रहरलाग्दो छ, त्योभन्दा बढी पीडा जलवायु परिवर्तनका कारण यस क्षेत्रमा परेको असरबाट यहाँका स्थानीय पीडित छन् । एसियाली विकास बैंकले केही दिनअघि प्रकाशित गरेको ‘द रुफ अफ द वर्ल्ड इज मेल्टिङ’ शीर्षकको लेखमा जलवायु परिवर्तनका कारणले एसियाका हिमनदी तीव्रगतिमा पग्लन थालेकाले यसले स्थानीयमा जोखिम बढाएको उल्लेख छ ।

हिमनदी पग्लन थालेपछि खानेपानीका लागि हिमनदीमा आश्रित एसियाका दुई अर्बभन्दा बढी व्यक्ति प्रभावित भएको समेत उल्लेख छ । त्यतिमात्र होइन, हिमालबाट बग्ने उक्त पानी खानका लागि मात्र नभई विद्युत् उत्पादन, सिँचाइ, पशुपक्षी तथा माछापालन र कृषिमा समेत महत्वपूर्ण मानिएकाले यसतर्फ ध्यान दिनुपर्ने उल्लेख छ ।

खुम्बुमात्र होइन, नेपालसहितका आठवटा देशमा फैलिएको विश्वको तेस्रो महत्वपूर्ण ‘वाटर टावर’ भनिने हिन्दुकुश हिमालय क्षेत्र पनि जलवायु परिवर्तनको असरबाट सबैभन्दा प्रभावित छ । हिन्दुकुश हिमालय क्षेत्रलाई अत्यधिक ‘आइस रिजर्भ’का कारण पनि पृथ्वीको तेस्रो पोल पनि भन्ने गरिन्छ । एसियाली विकास बैंकको अध्ययनअनुसार यस शताब्दीको अन्त्यसम्ममा यस क्षेत्रमा जलवायु परिवर्तनका कारण जम्मा भएको हिउँको ७५ प्रतिशत पग्लनेछ । यसले बाढीपहिरो बढाउनुका साथै खानेपानी, सिँचाइ, कृषि, जलविद्युत्लगायतका लागि खानेपानीको अभाव शुरु हुनेछ ।

कुल तीन हजार पाँच सय किलोमिटर हिमाली क्षेत्रमा फैलिएको यो क्षेत्र नेपालसहित अफगानिस्तान, बङ्गलादेश, भुटान, चीन, भारत, म्यानमार र पाकिस्तानसम्म फैलिएको छ । यो क्षेत्रबाट निस्कने प्रमुख नदीमा अमु दर्या, ब्रह्मपुत्र, गङ्गा, हिन्दुस, एरावती, मेकोङ, सलविन, तारिम, याङ्ते र यल्लो नदी छन् । जसमा यस क्षेत्रको ठूलो जनसङ्ख्या आश्रित छ ।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)को अध्ययनअनुसार हिन्दुकुश हिमालय क्षेत्रमा जलवायु परिवर्तनको असर विश्वको औसतको तुलनामा तीन गुणा बढी छ । इसिमोडका अनुसार यस क्षेत्रमा सन् २०११ देखि सन् २०२० को एक दशकमा त्यसअघिको तुलनामा हिमनदी पग्लने क्रम ६५ प्रतिशतले बढी छ । त्यसैले हिमालमात्र होइन, यससँग आश्रित तराईसम्मको पारिस्थितिक प्रणाली जोगाउनका लागि पनि जलवायु परिवर्तनले पारेको असरबारे गम्भीर हुनुपर्ने समय आइसकेको छ । रासस



# तिहार र छठ सकिएसँगै किसान धान काट्न व्यस्त



**मधेशदृष्टि**
**सप्तरी ।**
तिहार र छठ सकिएसँगै सप्तरीको पूर्वी भेगका किसान धान काट्न र भिल्याउने व्यस्त हुन थालेका छन् । यो वर्ष समयमा वर्षा भएकाले उत्पादन राम्रो हुनुका साथै भिल्याउने बेला पनि मौसमले साथ दिएपछि किसान उत्साहित छन् ।

जिल्लाको सप्तकोशी, कञ्चनरुप र हनुमाननगर कङ्कालिनी नगरपालिका तथा तिरहुत, महादेव र अग्निकृष्णासवरण गाउँपालिकाका किसान धान भिल्याउन व्यस्त हुन थालेका हुन् ।

अग्निकृष्णासवरण–४ का किसान रमेश यादवले मौसमले साथ दिएकाले धान भिल्याउन सहज भएको बताए । धान काटिसकेर गहुँ लगाइने भन्दै उनले पानी नपर्दै गहुँ छर्नुपर्ने भएकाले हतारमा काम भइरहेको उल्लेख गरे ।

‘गाउँका अधिकांश युवा वैदेशिक रोजगारमा गएकाले गाउँघरमा धान काट्ने मजदुरको अभाव छ । वर्षभरि घर खर्च चलाउन १० कठ्ठा जग्गामा धान रोपेका छौँ । समयमा भिल्याएर गहुँ छरेपछि अलि फुर्सद हुन्छ’, यादवले भने ।

स्थानीय सरस्वतीदेवी यादवले पनि परिवारलाई सघाउँदै छिन् । उनले खेतीपाती गर्न मेहनत आवश्यक पर्ने भन्दै सरोकार भएका निकायले किसानलाई आवश्यक अनुदान तथा प्राविधिक सहयोग गर्नुपर्नेमा जोड दिइन् ।

यहाँका किसानले खेतको धान भिल्याएपछि तोरी, आलु, तरकारी, मकै र गहुँ लगाउने गर्दछन् । धान वर्षभरिको खर्च जुटाउने मुख्य बाली भएकाले परिवारका सबे सदस्य काममा खटिएको सरस्वती देवीले बताए ।

पाकेको बाली काटर मालै राख्दा झरेर जाने समस्या आउने भएकाले कुट्ने, झार्ने, थन्काउने काममा अग्निकृष्णासवरणको बनौली, टेङगरी, चिमटीलगायत क्षेत्रका किसान व्यस्त भएका स्थानीय मनोजकुमार यादवले बताए । ‘विगतका वर्षमा भन्दा यसवर्ष धान उत्पादन राम्रो छ । दुई बिघा जग्गामा धान रोपाइँ गरेको थिएँ, मनग्य उत्पादन भएपछि उत्साहित छौँ’, उनले भने ।

गत असोज ११ र १२ गते परेको अविरल वर्षासँगै आएको बाढीले सप्तकोशी, मोहुली, जीतालगायत खोला किनारमा रहेका अधिकांश किसानको धानखेत बगरमा परिणत भएको थियो ।

तिरहुत–३ का बुधिलाल यादवले भिल्याउने बेला भएको धानखेत बगर बनेपछि पीडित अहिले राहत र सहयोगको पर्खाइमा रहेका बताए । यहाँस्थित चन्द्रनहरबाट समयमा सिँचाइ सुविधा नपाउँदा किसान अकाशे पानीको भरमा बस्नुपर्ने बाध्यता रहेको उनको भनाइ छ । आठ महिनादेखि नहरको पुलहरू पुनःनिर्माण भइरहेकाले सिँचाइ अभाव भउको स्थानीय बताउँछन् ।

चन्द्रनहरअन्तर्गत सप्तरीको सप्तकोशी नगरपालिकाको फतेपुरबाट महादेवा गाउँपालिकाको पकरीस्थित खाँडो खोलासम्म तत्काल ३२ वटा नयाँ ‘साइफन’ पुनःनिर्माण भइरहेका छन् ।

जिल्लाको पूर्वी भेग तोपा, मन्सापुर, भगवतपुर, अकवरपुर, महादेवा, सोनरा, पकरी, कजौली, बथनाहा, इनर्वा, भारदह, चक्ला, विषहरियालगायत गाउँमा किसानले यसअघि चन्द्रनहरबाट सिँचाइ सुविधा पाउने गरेकामा अहिले महँगोमा डिजल तथा विद्युतीय प्रणालीमार्फत सिँचाइ व्यवस्था मिलाइएको महदेवा गाउँपालिकाका किसान महेन्द्रप्रसाद यादवले बताए । जिल्लास्थित कृषि ज्ञान केन्द्रले यसवर्ष समयमा रोपाइँ सकिएकाले विगतका वर्षभन्दा यसवर्ष बढी उत्पादन हुने अनुमान गरेको छ ।



**निर्माणाधीन जनक दरबार:** मिथिला क्षेत्रको पौराणिकता झल्किने गरी जनकपुरधाम उपमहानगरपालिका–१३ स्थित पिडारीमा निर्माण भइरहेको जनक दरबार । तस्बिरःअमरेन्द्रकुमार यादव/रासस

# मिथिलामा अक्षय नवमी पर्व



**मधेशदृष्टि**
**धनुषा ।**
मिथिलाञ्चलमा अक्षय नवमी पर्व मनाएको छ । मिथिलामा धातृ नवमी र इच्छा नवमीसमेत भनिने यो पर्व कात्तिक शुक्ल नवमी तिथिमा मनाइन्छ । यस पर्वमा अमला (धातृ) रुखको फेदमा खाना खाने मैथिल परम्परा छ । बगैँचा र वनक्षेत्रका अमलाका रुखमुनि वनभोज आयोजना गरिन्छ । आफ्नै आँगन वा खेतबारी तथा बगैँचामा अमलाका रुख हुनेले यसै ठाउँमा र कतिपयले वनक्षेत्रका अमलाका रुखमुनि वनभोज गर्छन् ।

यो पर्वमा अनिवार्य रूपले अमलाका विभिन्न परिकार बनाइने मैथिल परम्परा रहेको जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णवले बताए । अमलाका विशेष परिकार (अचार, मुरब्बा र चटनी)सहित शाकाहारी खानेकुरा मात्र खाइन्छ । पर्व विशेषले अब चिसो मौसम छिप्पिँदै जाने क्रममा खानेकुरामा गुणकारी फल अमलाको प्रयोग बढाउने सन्देश रहेको मैथिल संस्कृति परम्पराका जानकार शिवदत्त मिश्रले बताउँछन् ।

खासगरी किशोर र युवा वनभोजको रमाइलो लिन एकाबिहानै वनक्षेत्रका विभिन्न उद्यान र वनभोजस्थल पुग्ने गर्छन् । यो पर्वमा दिनभरि भगवान् विष्णुको आराधना गर्दै व्रत बसेर साँझ अमलाको रुखमुनि सहभोज गरिने परम्परा रहेको महन्त दास बताउँछन् ।

सहभोजको चलन साँझपख रहेको र परिवारका सम्पूर्ण सदस्य सहभागी हुने हुँदा यस भेगमा धेरैजसोले आफ्नै घरआँगन तथा नजिकको बगैँचामा भोजको आयोजन गर्ने गरेको स्थानीय पण्डित रामचन्द्र झा बताउँछन् । मिथिलामा यो पर्वलाई कुष्माण्डा नवमी पनि भन्ने गरिएको छ ।

कात्तिक शुक्ल नवमीकै दिन द्वापरयुगमा श्रीकृष्णले कुष्माण्डक दैत्यलाई संहार गरेर कंशबध गर्नुपूर्व मथुरा, वृन्दावन र गोवद्र्धन पर्वत क्षेत्र परिक्रमा गरेको विश्वासमा कुष्माण्ड र पर्वमा अमलाको रुख तथा फलका परिकारको महत्व दर्शाउन धातृनवमी भनिएको मिथिला कला, साहित्य र परम्पराका ज्ञाता साहित्यकार एवं संस्कृतिविद् राजर्षिजनक विश्वविद्यालय जनकपुरधामका रजिष्ट्रार सत्यनारायण साहले बताए ।

# एमबिबिएसमा पुर्ण छात्रवृत्तिमा पाएकी साह सम्मानित



**मधेशदृष्टि**
**वीरगंज ।**
लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)का नेता जितेन्द्र सोनलले एमबिबिएस कोटामा पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल छात्रालाई सम्मान गरेका छन् ।

बाराको फेटा गाउँपालिका वडा– ३ की छात्रा बन्दना कुमारी साहलाई नेता सोनलले सम्मान गरेका हुन् । स्थानीयले आयोजना गरेको सम्मान कार्यक्रमका प्रमुख अतिथि सोनलले साहलाई सम्मान गर्दै समाजले छोरीको शिक्षालाई महत्व दिनु पर्नेमा जोड दिए ।

यस्तो सम्मानले छोरीलाई उच्च शिक्षा हासिलसँग हैसला प्रदान गर्ने उनको भनाई थियो । कार्यक्रममा नेता सोनलसँगै मदन साह, वडा– ७ का वडा अध्यक्ष पप्पु सिंहले २१ हजार रुपैयाँ नगद प्रदान गरि अगामी दिनमा पनि आवश्यक सहयोग प्रदान गर्ने प्रतिबद्धताका साथ हौसला बढाइ बधाई तथा शुभकामना दिएका थिए । कार्यक्रममा समाजसेवी डा.जोखु साह, पूर्व मेयर अमिरीलाल गुप्ता, बिराजमन साह, वडा अध्यक्ष पप्पु सिंह, मनोज साह, प्रधानाध्यापक रामकिशोर साह कलवार, श्यामसुन्दर गुप्तालगायत स्थानीयको उपस्थिति रहेको थियो ।

# बर्दिवास मेडिकल कलेज निर्माणको काम अगाडि बढ्न सकेन

**महोत्तरी ।**
मधेश प्रदेशको मध्यभागमा पर्ने र यहाँका आठवटै जिल्लावासीका लागि महोत्तरीको बर्दिवासमा निर्माण हुन लागेको बर्दिवास मेडिकल कलेजको निर्माणको काम अगाडि बढ्न सकेको छैन ।

बर्दिवास मेडिकल कलेज देशकै राजनीतिक वृत्तमा व्यापक चर्चाको विषय भए पनि विभिन्न कारणबस सञ्चालन र निर्माण प्रक्रिया अगाडि बढ्न सकेको छैन । बर्दिवासमा रहेको राष्ट्रिय वन मासेर मेडिकल कलेज स्थापना गर्न खोज्दा सुरुआतदेखि नै जग्गा प्राप्ति गर्न समस्या भएको स्थानीय राजनीतिज्ञ पोषण थापाले बताए ।

लामो समय बितिसक्दासमेत मेडिकल कलेज निर्माणको डिपिआरसमेत स्वीकृत हुन नसकेका कारण बर्दिवाससहित सम्पूर्ण मधेश प्रदेशवासी नै अब बर्दिवासमा मेडिकल कलेज बन्नेमा सशङ्कित छन् ।

सम्बन्धित निकायको उदासिनता र बेवास्ताले मेडिकल कलेज निर्माण अन्योलमा पर्दै आइरहेको बर्दिवासका स्थानीय बासिन्दा मनोज थापाले बताए ।

विगत सात वर्षदेखि व्यवस्थापनमै मात्र करिब आठ करोड रुपैयाँ खर्च भइसके पनि अहिलेसम्म कलेज निर्माणका लागि जग्गा प्राप्ति र विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) समेत स्वीकृत हुन सकेको छैन ।

मेडिकल कलेज सञ्चालनका आयोजना कार्यालयका कर्मचारीले कुनै काम गर्न पाएका छैनन् । आयोजनामा कार्यरत कर्मचारी बर्सेनि बजेट माग्ने, ल्याउने र खर्च गर्नमै व्यस्त छन् । उनीहरु दिनहुँ कार्यालय आएर मन्त्रालय, डिभिजन वन र दलका नेतालाई हारगुहार गर्दै दिन बिताउने गरेका छन् ।

आयोजना कार्यालयले विस्तृत परियोजना प्रतिवेदनमात्रै चार करोड ६० लाख रुपैयाँ खर्च गरेको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले प्रतिवेदन स्वीकृत नगर्दा कुनै पनि काम अगाडि बढ्न नसकेको र चालु आर्थिक वर्षमा पुँजीगततर्फ जम्मा १० लाख रुपैयाँ मात्र बजेट विनियोजन भएकाले काम अगाडि बढाउन समस्या भएको आयोजनाका निर्देशक देवीप्रसाद सुवेदीले बताए ।

आयोजना कार्यालयले विस्तृत परियोजना प्रतिवेदन तयार गरी मन्त्रालयमा स्वीकृतिका लागि विसं २०७८ कात्तिकमा पेस गरेको भए पनि हालसम्म स्वीकृत हुन सकेको छैन । विस्तृत परियोजना प्रतिवेदन स्वीकृति नहुँदा जग्गाको सम्झौता भएको छैन । वन तथा भूसंरक्षण विभागबाट जग्गा सम्झौता तथा डिभिजन वन कार्यालयबाट इजाजत लिएपछि मात्र जग्गा प्राप्ति टुङ्गिने अवस्थामा रहेको निर्देशक सुवेदीले बताए ।

मेडिकल कलेज निर्माणका लागि बर्दिवास–४ स्थित जिल्ला वनको ५४ दशमलव पाँच सय ८४ हेक्टर जग्गा यस आयोजनालाई प्रयोग गर्न दिने सरकार मन्त्रिपरिषद्ले निर्णय गरेको छ ।

महोत्तरीमा पूर्व–पश्चिम राजमार्गसँगै रहेको जङ्गल क्षेत्रमा स्थापनाको तयारी गरिएको मेडिकल कलेजको भविष्य राजनीतिक स्वार्थकै कारण अन्योलमा परेको छ ।

वनको जग्गा प्रयोग गर्दा सर्वोच्च अदालतको २०८० जेठ २९ को निर्देशनात्मक आदेशमा हालका रुख काटिनुभन्दाअगावै नयाँ बिरुवा रोप्ने व्यवस्था मिलाउनुपर्ने आदेश दिइएको छ । सर्वोच्चको आदेशअनुसार एक हजार नौ सय ६७ बिरुवाको सट्टामा १९ हजार छ सय ७० भन्दाबढी बिरुवा रोपिएको दुई महिना नपुग्दै बाढीले आधाभन्दा बढी बगाएको थियो ।

डिभिजन वन कार्यालयको १० लाख रुपैयाँ र बर्दिवास नगरपालिकाको १० लाख रुपैयाँ गरी २० लाख रुपैयाँ बजेट खर्चेर रोपिएका १९ हजारभन्दा बढी बिरुवामध्ये आधाभन्दा बढी खोलाले बगाएको आयोजना कार्यालयले जनाएको छ । मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना सञ्चालन कार्यविधि शिक्षामन्त्रीले स्वीकृत गरेर २०७६ वैशाख १८ गते बर्दिवासमा आयोजनाको कार्यालय सुरु गरिएको थियो । आयोजना कार्यालयले जग्गाको विस्तृत सर्वेक्षणसहित गुरुयोजना स्वीकृत, वन तथा वातावरण मन्त्रालयको मन्त्रिस्तरको निर्णयबाट वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत, राष्ट्रिय योजना आयोगको निर्णयबाट राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका रुपमा बर्दिवास मेडिकल कलेज सिफारिस भएको छ । रासस

# मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ अभियान संकटमा




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारको महिला सशक्तीकरण र सामाजिक सुदृढीकरणको लोकप्रिय कार्यक्रम ‘मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ’ नयाँ सरकार गठनसँगै अलपत्र परेको छ । पूर्व मुख्यमन्त्री लालबाबु राउतले आर्थिक, सामाजिक र शैक्षिक हिसाबले पछाडि परेका छोरीहरूको उत्थान र महिला सशक्तीकरणका लागि आर्थिक वर्ष ०७५/०७६ मा यो अभियान सुरु गरेका थिए । यो अभियानअन्तर्गत साइकल वितरण, बेटी शिक्षा बीमा, छात्रामैत्री शौचालय निर्माण, लोकसेवा तयारी कक्षा, सेनेटरी प्याड वितरण र छात्रवृत्तिको व्यवस्था गरिएको थियो ।

हाल यो अभियानअन्तर्गत केवल छोरी शिक्षा बीमा कार्यक्रम मात्र संचालनमा रहेको छ, तर यो पनि प्रभावकारी रूपमा सञ्चालनमा नभएको गुनासो बढ्दै गएको छ ।

आर्थिक वर्ष ०७५÷०७६ मा शुरु भएको छोरी शिक्षा बीमा कार्यक्रमअन्तर्गत हालसम्म मधेश प्रदेशमा १६ हजारभन्दा बढी छोरीहरूको बीमा गरिएको छ । सुरुमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत संचालनमा आएको यो कार्यक्रम अख्तियार दुरुपयोग अनुसन्धान आयोगको छानबिनपछि २०७८ सालदेखि शिक्षा विकास निर्देशनालयले सञ्चालन गर्दै आएको छ । निर्देशनालयका अनुसार, अहिलेसम्म १५ हजार ९५३ जना छोरीको बीमा सम्पन्न भएको छ र यसका लागि ५९ करोड ७५ लाख रूपैयाँ खर्च गरिएको छ ।

## सम्पादकीय

# संयन्त्र की षड्यन्त्र ?

*नेपाली काङ्ग्रेस र एमाले दुई दल मिलेर अहिले देशमा शक्तिशाली सरकार छ । संघदेखि प्रदेश तहसम्म यी दलले अहिले ढुक्कले सरकार चलाइरहेका छन् । सरकारको प्रभावकारी संचालनमा सघाउ पु¥याउनका लागि भन्दै संघमा दुई ठूला राजनीतिक दलका प्रतिनिधिहरूको सहभागितामा संयन्त्रै बनाइएको छ । यो संयन्त्रले सरकारको काम प्रभावकारी बनाउने अपेक्षा गरिएको छ । संघमा मात्रै होइन बागमती प्रदेशमा पनि यस खालको संयन्त्र आइतबार गठन भएको छ । संघको सिको गर्दै प्रदेश सरकारलाई पनि प्रभावकारी बनाउनका लागि यस खालको संयन्त्र विकास गरिएको हो ।*

*यो संयन्त्रले सरकारमा सहभागी दलबीच सहकार्य र समन्वयको वातावरण सृजना गर्ने एवम् सरकारका निर्णय प्रक्रियामा सुशासन, पारदर्शिता र दिगो विकासमा योगदान पु¥याउन मद्दत पु¥याउने भनिएको छ । साथै, नीति निर्माण,बजेट कार्यान्वयन र सामाजिक विकासका विभिन्न योजनाहरूलाई शीघ्र कार्यान्वयन गराउनमा पनि यसले टेवा पुऱ्याउने विश्वास गरिएको छ ।*

*मुख्य दुई वटा पार्टी मिलेर बनेको सरकार आफैँमा शक्तिशाली नहुने कुरै भएन तर पनि देशमा पछिल्लो समय यी दलहरुप्रति बढिरहेको वितृष्णाले भने जतिसुकै शक्तिशाली सरकार भएपनि जोखिम वा संकट भने कायमै रहेको देखिन्छ । अहिले सरकारले जनताको अपेक्षाकृत काम गर्न सकिरहेको छैन । सरकार केवल सरकार जोगाउने काममा मात्रै व्यस्त रहदाँ नागरिक कसरी जोगाउन सक्छ ? दुई दलीय संयन्त्रको स्थापना पनि नागरिक जोगाउने अनि देश जोगाउने भन्दा पनि सत्ता जोगाउने अभीष्ट भएको टिप्पणी भइरहेको छ । यो संयन्त्रलाई सरकारको निर्णय प्रक्रियामा प्रमुख राजनीतिक शक्तिहरूको सहभागिता र जिम्मेवारी थप गराउने प्रयास भएमा पक्कै स्याबासी दिनुहुन्थ्यो । तर त्यसो भइरहेको छैन । मुलुकमा राजनीतिक स्थिरता कायम राख्न र नीति निर्माणमा ध्यान दिनेभन्दा पनि आफू कसरी सत्तामा टिकिराख्ने र अरुलाई कसरी पाखा लगाउने भन्ने खेलहरु भइरहेका छन् ।*

*बागमती प्रदेश र संघीय रुपमा निर्मण गरिएको संयन्त्रको कार्यप्रवृत्तिमा के कसरी अघि बढ्ने हो हेर्न बाँकी छ । विगतका यस्ता संयन्त्र औचित्यहीन मात्रै बनेन की संयन्त्र र सरकार बीचमै तालमेल भएन । यदि सरकार सञ्चालनका लागि आइपरेका विभिन्न खाले चुनौतीहरूलाई हल गर्नका लागि यस्ता खालका संयन्त्रबाट पर्याप्त मात्रामा सल्लाह, सुझाव लिन सकिन्छ । विशेषगरी संयन्त्रलाई मुलुकको विकास र जनताको सेवा सुशासनको मापदण्डमा उचित भूमिका खेल्ने काममा लगाउन सकियो भनेमात्रै केही आशा गर्न सकिएला । अन्यथा, संयन्त्र, षड्यन्त्रकारी यन्त्रका रुपमा अलोकप्रिय नहोला भन्न पनि सकिन्न ।*

*संयन्त्रलाई षड्यन्त्र नबनाउनका लागि सरकारले जनताको पक्षमा विभिन्न कामहरुलाई तत्काल अगाडी बढाउनुपर्छ । सुशासन, शिक्षा, स्वास्थ्य, रोजगारी र पूर्वाधारको विकासका कामहरु सरकारले गर्नुपर्छ । जनताका आधारभूत आवश्यकताहरू पूरा गर्दै सरकारी सेवाहरूलाई सरल, पारदर्शी र पहुँचयोग्य बनाउन सरकारको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ । स्वास्थ्य सेवामा सुधार र सबैलाई गुणस्तरीय शिक्षा प्रदान गर्दै, बेरोजगारी घटाउन रोजगारीका अवसरहरू सिर्जना गर्न सरकारको दायित्व रहन्छ । साथै, सडक, खानेपानी, ऊर्जा र सञ्चारको पहुँच बढाएर जनताको जीवनस्तर उकास्न सरकार लाग्नुपर्छ । कानूनी अधिकारको संरक्षण र न्यायपूर्ण समाज निर्माणमा सरकार ध्यान गएको खण्डमा जनताको मन उत्तिक्कै जितिन्छ ।*

# वातावरण संरक्षणमा महिला सहभागिता



अमृता अनमोल

स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक हक हो। तर, पछिल्लो समय स्वच्छ र स्वस्थ वातावरण हराउँदै गएकाले वातावरण संरक्षण गर्नु जरुरी छ । सामान्यतया, वातावरण संरक्षण भनेको पृथ्वीका प्राकृतिक स्रोतहरु, जैविक विविधता, पानी, हावा, माटो वनस्पति र वन्यजन्तुलाई संरक्षण र सन्तुलनमा राख्ने प्रक्रिया हो । वातावरणीय सन्तुलन कायम राख्ने हो भने प्राकृतिक स्रोतहरुलाई दीर्घकालसम्म उपयोग गर्ने बनाउनुपर्छ । वातावरणीय प्रदूषण हटाउनुपर्छ । वन र जलस्रोतको व्यवस्थापन हुनुपर्छ । जीवजन्तुहरुका बासस्थानको संरक्षण गर्नुपर्छ । वातावरण र विकासबीच सन्तुलन कायम राख्नुपर्छ। जलवायु परिवर्तनको असर कम गर्न प्रकृति, वातावरण र जैविक विविधतालाई प्रतिकूल असर पार्ने तत्वहरुको न्यूनीकरण गर्नुपर्छ।

वातावरण विनाशका कारण धेरै हुन सक्छन् । त्यसमध्ये वन विनाश वातावरण विनाशको प्रमुख कारण मानिन्छ । रुख कटानबाट जैविक विविधता, हावाको गुणस्तर र माटोको संरक्षणमा नकारात्मक असर पर्छ । वनमा बसोबास गर्ने वन्यजन्तुको बासस्थान हराउँदै जान्छ । पृथ्वीको कार्बन चक्रमा पनि असन्तुलन ल्याउँछ । वातावरण विनाशको दोस्रो कारण औद्योगीकरण र सहरीकरण हो। यसले पृथ्वीका प्राकृतिक स्रोतहरूको दोहन बढाएको छ । औद्योगिक क्रियाकलापमा रसायन, धातु, र प्लाष्टिकजन्य उत्पादनहरूको प्रयोगले हावा, माटो, र पानीमा विषाक्त पदार्थहरूको मात्रा बढाउँछ । कारखानाबाट निस्कने धुवाँले वायुमण्डललाई प्रदूषित बनाउँछ । यसबाहेक, प्लाष्टिकको अत्यधिक प्रयोग र यसलाई नष्ट गर्ने प्रभावकारी उपायको अभावले वातावरण विनासमा ठूलो भूमिका खेलेको छ । जलवायु परिवर्तन र हरितगृह ग्यास उत्सर्जन, प्रदूषण, कृषिमा रासायनिक पदार्थको अत्यधिक प्रयोग, जलस्रोतहरूको अत्यधिक दोहन, प्राकृतिक बासस्थानको विनास, जनसङ्ख्या वृद्धिलगायत पनि वातावरण विनासका कारण हुन्।

वातावरण संरक्षण कसले गर्ने ? यसको सिधा जवाफ हुन्छ मानिसले । मानिसबीच पनि वातावरण संरक्षणको काममा लैंगिक रुपमा हेर्दा महिलाको भूमिका धेरै हुन्छ । महिलालाई केही सीप र शिक्षा दिने हो भने वातावरण विनास रोकिने र दिगो वातावरण संरक्षण हुने देखिन्छ। नेपाली समाजमा घरगोठ सम्हाल्ने अधिकांश महिला छन् । कृषिदेखि करेसाबारीसम्मको धेरै काम गर्ने महिला छन्। यही घरगोठ र कृषिको जिम्मेबारी सम्हाल्ने क्रममा धेरै प्राकृतिक स्रोतको उपयोग हुन्छ । प्राकृतिक स्रोतको दोहनले स्वच्छ वातावरण विनास भएको छ। कतिपय अवस्थामा खाना पकाउने इन्धनकै कारण वातावरण प्रदूषित भएको छ । वातावरण प्रदूषण हुँदा त्यसको असर पनि पुरुषको तुलनामा महिलालाई धेरै परेको छ । चाहे काठ, दाउरा वा भुसे चुल्होमा खाना बनाउँदा होस् चाहे काठ, दाउरा र घाँसपातको खोजीमा वनजङ्गलमा जाँदा वन्यजन्तुको आक्रमणमा परेर महिला नै धेरै प्रभावित भएका छन्। तिनै महिलालाई घरगोठ र कृषिको भूमिका निभाउँदा थोरै सीप सिकाए वातावरण स्वस्थ र स्वच्छ हुन्छ । सामान्य रुपमा हेरौं, घरभित्र कम पानी खर्चिदा, बिजुली बत्ती खेर नफाल्दा, दाउराको साटो वैकल्पिक ऊर्जा प्रयोग गर्दा, घर आसपासमा करेसाबारी र फूलबारी बनाउँदा, पशुको आहारका लागि वनजङ्गलका घाँसपात जथाभावी काट्नुको साटो वैकल्पिक व्यवस्था गर्दा वृक्षरोपण गर्दा प्राकृतिक स्रोत व्यवस्थापन हुन्छ भने वातावरणको संरक्षण हुन्छ।

नेपाली समाजमा धेरै महिलाको जिम्मामा भान्सा छ। भान्सा सम्हाल्दा खाना, पानी र इन्धनको जोहो महिला आफैँले गर्नुपर्छ । खाना बनाउने इन्धनका रुपमा अहिले पनि धेरै काठ, दाउराको प्रयोग हुन्छ। दाउराका लागि काठको सट्टा विद्युतीय चुल्हो, ग्यास वा गोबरग्यास प्रयोग गर्न सकिन्छ। यसले वनविनाश हुनबाट रोकिन्छ। भान्सामा प्रयोग हुने कुहिने र नकुहिने फोहोरको छुट्टै व्यवस्थापन गर्नसक्ने हो भने वातावरण प्रदूषण हुनबाट रोकिन्छ । कुहिने फोहोरबाट कम्पोष्ट मल बनाउन सकिन्छ। जुन मल करेसाबारीमा प्रयोग हुन्छ। यसले माटोको जैविकता र उर्भरा शक्ति बढाउँछ। नकुहिने फोहोर धेरैको पनि वैकल्पिक प्रयोग गर्न सकिन्छ । जस्तो कि, भान्सामा प्रयोग हुने दूध, चाउचाउ, चिउरालगायतका प्लाष्टिकका खोलबाट ढकिया, कलम राख्ने होल्डर, ट्रेलगायत बनाउन सकिन्छ। थोरै सीप सिकाउने हो भने चकटी गुन्द्री बुन्ने महिलाले सजिलै प्लाष्टिकबाट सजाबटका सामग्री बनाउनेछन् । किनमेलमा प्लाष्टिकको साटो कागज वा कपडाको झोला प्रयोग गर्न सिकाए दीर्घकालिन रुपमा प्लाष्टिकको प्रयोग घटाउन सकिन्छ।

हाम्रो समुदायमा व्यक्तिगतदेखि पारिवारिक र वातावरणीय सरसफाइको भूमिका पुरुषभन्दा महिलाकै काँधमा छ । खाना बनाउने, सरसफाइ गर्नेदेखि लुगा धुने काममा पानीको कम प्रयोग गर्दा र वर्षाको पानी सङ्कलन गरेर सदुपयोग गर्दा पानीको स्रोत जोगाउन सकिन्छ। नियमित रुपमा घर, आँगन र टोलको सरसफाइ गर्दा फोहर हुँदैन । फहोर नभए वातावरण प्रदूषित हँुदैन। सरसफाइले वातावरण स्वच्छ बनाउन सकिन्छ।

अहिले पनि वनमा निर्भर हुने महिलाको सङ्ख्या धेरै छ। पशु चराउन जाने र घाँस दाउरा काट्ने धेरै महिला हुन्छन्। पशु आहाराका लागि जथाभावी जङ्गलमा घाँसस्याउला काट्नु साटो घाँसे खेती गर्न सिकाउन सकिन्छ । पशुचरणका लागि थोरै वा छुट्टै वन छुट्याउन पनि सकिन्छ। खाली जग्गामा वृक्षरोपण गर्न सकिन्छ । यसबाट घाँसपात सहजै उपलब्ध हुन्छ । आयमूलक बोटबिरुवा लगाउँदा महिलाको आम्दानी पनि बढ्छ। वन फडानी पनि रोकिन्छ। घर अगाडि वा आसपासमा रहेको खाली जग्गामा फूलबारी वा करेसावारी बनाउन सकिन्छ । यसले घरआँगनको वातावरण स्वस्थ, मनमोहक र हरियाली बनाउछ।

कृषिमा संलग्न महिलाहरुले खेतीपातीका क्रममा पनि थोरै ध्यान दिंदा वातावरण जोगाउन सकिन्छ । जथाभावी रसायनिक मलको प्रयोग गर्नु साटो कम्पोष्ट मल प्रयोग गरे माटो र जैविक विविधताको संरक्षण हुन्छ । विषादीको कम प्रयोगले माटोमा जैविकता बचाउन सकिन्छ। भूमिगत पानीको अत्यधिक दोहनले जलको उपलब्धता घटाउने र कृषि क्षेत्रमा जल अभाव बढाउँछ । यसका कारण जमिनमुनिको पानीको सतह तल जान्छ र भू–क्षयको खतरा पनि बढ्छ। जैविक खेतीसँगै उन्नत सिँचाइ प्रणालीको सुविधा बढाउनसके वातावरणीय संरक्षणमा सघाउछ। स्थानीय उत्पादन बढाए लामो दूरीबाट खाद्यसामग्री ल्याउने ढुवानी रोक्न र धुँवा प्रदूषण हुनबाट बचाउन एवं कार्बन उत्सर्जन कम गर्न सकिन्छ।

निष्कर्षमा भन्नुपर्दा जल, जमिन र हावालाई प्रदूषणमुक्त बनाउनु र प्राकृतिक स्रोतहरुको संरक्षण गर्नु वातावरण संरक्षण गर्नु हो । गृहस्थ जीवनमा धेरै महिला भएका कारण वातावरण संरक्षणमा महिलाको प्रत्यक्ष संलग्नता र भूमिका हुन्छ। घर गृहस्थ सम्हाल्दा पानी, ऊर्जा र खाद्य स्रोतको प्रयोग धेरै पुरुषभन्दा महिलाले गर्छन् । यिनको व्यवस्थापन र वचत विधि सिकाउने हो भने स्रोतको खपत र सदुपयोग बढ्छ । खेतीपातीमा जथाभावी रसायनिक मल र विषादी कम गर्नसके जैविक विविधता बचाउन सकिन्छ । सामाग्रीको पुनःप्रयोग, फोहोर व्यवस्थापन र कम प्रदूषक पदार्थको प्रयोग गर्न सिके वातावरण संरक्षणमा महत्वपूर्ण भूमिका खेल्छ । वन व्यवस्थापन र संरक्षणमा पुरुषभन्दा धेरै महिला छन्। प्राकृतिक स्रोत वनको दिगो व्यवस्थापन गरे कार्बन सञ्चतीकरण गर्न सकिन्छ।

सबैभन्दा ठूलो कुरा वातावरण संरक्षणसम्बन्धी नीति र कार्यक्रम तर्जुमामा महिला सहभागिता बढाउनुपर्छ । अहिले तीन तहका सरकार छन्। स्थानीय तहका वडादेखि प्रदेश र सङ्घीय सरकारका नीति र योजना तर्जुमामा महिला सहभागिता बढाउनुपर्छ । योजनाहरुलाई लैंगिक उत्तरदायी बनाउनुपर्छ । समूदाय र गैरसरकारी सङ्घसस्थाले गरेका वातावरणीय संरक्षण र कार्यान्वयनमा महिलालाई अग्रसर बनाउनुपर्छ । समुदायमा आधारित वातावरणीय परियोजनामा महिला नेतृत्व बढाएर वातावरण संरक्षणका लाभ र फाइदामा प्रत्यक्षरुपमा सहभागी बनाउनुपर्छ । वातावरण संरक्षण नीतिमार्फत महिला सशक्तीकरण र लैंगिक समानता प्रवद्धन गर्नसके वातावरण संरक्षणमा दिगो प्रभाव पर्ने छ भने महिला नेतृत्व र रोजगारी प्रवद्र्धनमा पनि सहयोग पुग्नेछ । वातावरणीय व्यवस्थापन र संरक्षण कुरामा होइन, व्यवहारमा देखिनछ। अब वातावरण विनास रोकी दिगो वातावरण संरक्षण गर्न गाउँदेखि सहरसम्मका महिला जुट्न आवश्यक छ। वातावरणीय मुद्दालाई लैङ्गिक र महिलामैत्री बनाउनुपर्छ। टोलटोलका महिलालाई वातावरणीय विनाश रोकी वातावरण संरक्षण गर्ने विधि सिकाउन आवश्यक छ । गृहस्थ जिम्मेवारी निभाउने महिलाले भान्सादेखि गोठसम्म र खेतबारीदेखि वनपाखासम्मका क्रियाकलापमा स्रोतको समुचित प्रयोग गर्ने र प्रदूषण कम प्रविधि प्रयोग गर्न सकिन्छ। रासस

# गाउँः बुहारीलाई 'सुमर्नें'देखि नेता बनाउनेसम्म



विपिन आचार्य

कहिलेकाहीँ स्मृतिबाट लगभग हराइसकेका शब्द फेरि सुन्दा त्यसले पुरानो समयमा डोहो¥याएर लैजान्छन्। यस पटक जन्मघर पुग्दा त्यस्तै भयो। गाउँकै एक महिला छोराको बिहेको केही दिनमै बितिछन् । त्यही प्रसंगमा गाउँले वृद्धाले भन्नुभो,'छोर्छोरी हुर्काउन, पराइलेखाई गराउन मस्तै दुःख गरिन्, तर सुखभोग गर्ने बेला छोराको ब्यादान गर्नेबित्तिकै ब्वारी सुमर्न नपाई बितिन्।' सुमर्नुको अर्थ काममा लगाउनु, कजाउनु हो। भाले पशुको प्रजनन शक्ति नष्ट पार्नु या 'खसी पार्नु' पनि हो। खलंगा, सल्यानतिर निक्कै चलेको शब्द हो यो।

१८–२० वर्ष अघिसम्म पनि अधिकांश बुहारीको दर्जा घरमा सासूससुरा र श्रीमान्को आदेश पालकको थियो । गाउँमा धेरै बुहारी हुने सासूलाई 'धेरै बुहारी सुमर्न पाकी भाग्यमानी' भनेको समेत सुनिन्थ्यो । आफ्नै स्कुले सहपाठीले आफू वैदेशिक रोजगारीमा जानुअगाडि 'बाआमाका लागि बुहारी' बिहे गरिदिएका थिए।

जमाना बदलियो, अब अरनखटन दुर्लभ छ। दुई वर्षअघि 'गाउँकै छोरीबुहारी' समेतलाई यही गाउँले वडा अध्यक्षको उम्मेदवार बनायो र जितायो । शारदा नगरपालिका–३ सल्यानकी वडा अध्यक्षमा तुलसा भण्डारीले बाजी मारिन् ।

साँचो अर्थमा गाउँमा समेत अहिले महिला सशक्तीकरण देख्न पाइन्छ। सशक्तीकरणका आयाम धेरै छन्। कतिपय बलपूर्वक भएका छन् भने कतिपय स्वतःस्फूर्त। परिवर्तन अझै धेरै पक्षमा हुन बाँकी छ।

**प्लास्टिक प्रदूषण र पर्यावरणीय चेतः भयावह**

प्रदूषण र पर्यावरणीय मुद्दामा शहर त बिग्रेबिग्रे, शहरोन्मुख गाउँहरूले पनि शहरकै बाटो रोजे। नेपालमा आम रूपमा नदीको समानान्तर रूपमा राजमार्ग छन् र राजमार्गको छेउछाउ नै शहर र बस्ती बाक्लिएका छन्। राप्ती राजमार्गको ठूलो खण्ड पनि सल्यानको सबैभन्दा ठूलो नदी शारदा नदीको समानान्तर रूपमा अघि बढेको छ।

दाङबाट सल्यान पुग्दासम्म राजमार्ग छेउछाउ छरपस्ट फ्याँकिएका चाउचाउ, चिप्स, गुट्खाका खोल र पानीका बोतलले हाम्रो पर्यावरणीय सचेतताको स्तर देखाइरहेका छन् । दाङ, तुल्सीपुरबाट ५५ किलोमिटर यात्रा गरेपछि पुगिन्छ सल्यानको ठूलो बजार श्रीनगर। यो तिहारको अघिल्लो दिन बिहान हुस्सु लागेको थियो । बजारमा मानिसहरू दाउरा, बिस्कुट–चाउचाउका कार्टुन र प्लास्टिकसमेत बालेर आगो तापिरहेका थिए।

श्रीनगर बजारलाई बीचैबाट चिरेर शारदा नदीको सहायक नदी सुकेखोला बगेको छ। नाम सुके भए पनि खोलाको बहाव 'फुके' नै छ। फराकिलो बगरसहित बग्ने सुकेखोला वरपर अहिले बडेमानका पर्खाल लगाइएका छन्, जसका कारण खोला खुम्चेको छ । श्रीनगर बजारभन्दा एकदुई किलोमिटरमाथि यही खोलाको भित्तोतर्फ नगरपालिकाको 'डम्पिङ साइड' छ। त्यहाँको 'लिच्चड' खोलामा झर्छ र केही तलको शारदा नदीमा मिसिन्छ। सुकेखोलामाथिको अत्याचारका अनेक दृश्य त श्रीनगर बजारमै देख्न सकिन्छ । हरेक घरको फोहोरको नाली, प्लास्टिक, रक्सीका सिसीदेखि मरेका जनावरलगायत जेसुकै यही नदीमा मिसिन्छ।

दुई वर्षअगाडि दशैँताका आएको भीषण बाढीले सुकेखोला उर्लिएर बजार पस्यो। तर मान्छेहरूले तटीय क्षेत्रमा टाँसेर भौतिक संरचना बनाउन छोडेका छैनन्। यस पछाडिको तर्क के छ भने आजसम्म त खोला मानव बस्ती र संरचना बिगार्ने गरी उर्लिएको छैन नि त ! तर बुझ्नुपर्ने कुरा के भने जलवायु परिवर्तनका कारण बर्सातको तीव्रतामा व्यापक फेरबदल भइरहेको छ । दुई महिनाअघि काठमाडौँमा आएको बाढी र केही महिनापहिले भारतको केरला राज्यको वायनाड जिल्लामा आएको बाढी 'हाइ इन्टेन्सिटी रेनफल'को परिणाम हुन्। अहिले विश्वव्यापी रूपमा तटीय क्षेत्रबाट अलि टाढा मात्र मानव बस्ती र संरचना बनाउने अभ्यास शुरू भइसकेको अवस्थामा हामी भने खोला छेउमै टाँसिएर संरचना बनाइरहेका छौँ। यसले कुन दिन कस्तो भयावह परिणाम ल्याउने हो त्यो अहिले कल्पना गएन पनि अप्ठ्यारो छ।

श्रीनगर बजारबाट थोरै माथि उक्लिएपछि सडक किनारमा दुई तर्फ खुला नाली छन् । ती नाली पनि प्लास्टिकले भरिएका छन्। छेउकै एक चौराहाबाट एउटा बाटो रुकुमतर्फ लाग्छ । म उक्लिएँ सल्यानको खलंगातर्फ । श्रीनगरबाट माथि लुहापिङ्ग डाँडामा छ सल्यानकै सबैभन्दा पुरानो स्कुल, त्रिभुवन जनता माध्यमिक विद्यालय, जुन स्कुलमा पूर्व प्रधानमन्त्री मरीचमान सिंह कुनै समय हेडमास्टर रहेका थिए । बिदाको समय स्कुल सुनसान हुने नै भयो । स्कुलअगाडि विशाल चौर छ । तर चौरभरि छरपस्ट चाउचाउ, चिप्स र पानीका बोतल छन् । चौर किनारमा आगोले डढाउन नसकेर बाँकी रहेका बोतल र चिप्सका खोल देखिन्छन्।

**सन्दर्भः दानशीलता**

छिमेकी भरानी भाउजू उमेरले ८० को उकालोमा हुनुहुन्छ। थर भण्डारी भएकोले अपभ्रंश हुँदै 'भरानी' भनिएको होला । उमेरले हजुरआमासरह भए पनि उहाँ हाम्री आमालाई बज्यै भन्नुहुन्छ । उहाँ हाम्री आमाको दुःखसुख बिसाउने साथी पनि हुनुहुन्छ। हामी भने उहाँलाई भाउजू भन्छौँ। दुई छोरीकी आमा उहाँ एक्लै हुनुभएको झन्डै चार दशक भयो। शरीर गल्दै गए पनि उहाँको दैनिक सक्रियता लोभलाग्दो छ।

सम्पत्तिका नाउँमा एउटा सानो खरले छाएको भुइँतल्ले घर र घरछेउको खनिखोस्री गर्ने बारीबाहेक अर्थोक बाँकी छैन,तर आत्मसम्मानले आर्जेको वैभव त कति कति ! केही वर्षअगाडि उहाँले आफ्नो नाउँको नौ आना नामी जग्गा वडा स्वास्थ्य कार्यालयका लागि दान गरिदिनुभयो । अहिले त्यहाँ उक्त कार्यालय भवन बनिसकेको छ। उहाँकै प्रेरणाले उहाँकै आफन्तहरू सावित्रीदेवी भण्डारी र अनिता भण्डारीले १६ आना जग्गा वडा कार्यालयको निमित्त दान गर्नुभयो । उहाँहरूले पनि पुगिसरी भएर दान दिनुभएको होइन।

उहाँहरूको यो दानको उत्प्रेरणा के होला? अनुमान मात्र गर्न सकिन्छ । अनि घोत्लिन्छु, डलरे–अर्बपति भएर पनि शृङ्खलाबद्ध रूपमा सरकारी जग्गा हडप्ने 'उद्योगपति'को जीवन आदर्श के होला भनेर । भरानी भाउजूको अर्को इच्छा छ– अहिले गुजारा गर्न भोगचलन गर्दै आएको घरबाससहितको जग्गा पनि आफ्नो शेषपछि यस्तै मानव कल्याणको काममा लगाउने। उहाँहरूको यो साँचो अर्थको समाजसेवाका लागि कोटिकोटि प्रणाम।

**सांस्कृतिक बदलावः चिन्ताजनक**

यस पटक हाम्रो गाउँमा 'ठूलो भैली' निस्किएन । ठूलो भैलीको अर्थ हो ठूला मादल, सोरठी नाच्ने पहिरन, लय हालेर भट्याउने उस्ताद, सुरिलो भाकामा मुरलीसहित गाउँभर सबैको स्वामित्व र सहभागिता रहने गरी निस्कने भैली। स–साना केटाकेटीले पनि भैलीको रहर गर्न छोडेछन् । कसै–कसैले भने युट्युबकै देउसीभैलो बजाउँदै÷गाउँदै नाचेर रहर पूरा गरे । यस्तो लाग्छ, गाउँगाउँमा पुगेको इन्टरनेट र स्मार्ट फोनको लतले छिट्टै नै सांस्कृतिक विस्थापन निम्त्याएको छ । हाम्रो गाउँ सदरमुकामको नाभिस्थलमा भएकोले पनि यस्तो भएको हुनसक्छ।

सल्यान हिँड्दा दाङ तुल्सीपुर बजारमा भैलीको अर्को विषम चित्र देखियोः

*पैसा फेँक् तमाशा देख्*
*नाचेगी पिंकी फुलटू लेट !!*
*मुम्बईकी ना दिल्ली वालोँकी*
*पिंकी है पैसे वालों की !!*

यो गीतमा एक महिला 'उत्तेजक' चालढालमा नाचिरहेकी छिन्। वरिपरि घेरा हालेर केटाहरू पैसा उडाइरहेका थिए। देउसीभैलीमा संसारकै त्यो पनि 'निकृष्ट गीत'मा हाम्रा दिदीबहिनी नाच्दै छन्,दाजुभाइ नचाउँदै छन्। यस्तो घटिया गीतमा आफूलाई प्रस्तुत गर्नुअघि दिदीबहिनीले किन केही नसोचेका होलान्? दिदीबहिनी भन्दा पनि त्यसरी पैसा उडाएर महिलालाई बस्तुसरह खरिद गर्न पैसा उडाइरहेका पुरुषलाई त झन् के भनौँ?

**सार्वजनिक यातायातमा 'ईभी क्रान्ति'**

अहिले सल्यान,श्रीनगरदेखि दाङ, तुल्सीपुर हुँदै नेपालगन्जसम्म सार्वजनिक विद्युतीय सवारीसाधन चल्छन्। सफा गाडी, चालक र चालक सहयोगीको मिठो व्यवहार, सुरक्षित र आरामदायी यात्रा । यात्राको क्रममा यात्रुले मानवीय व्यवहार पाए।

कुरा केही वर्षअघि मात्रको हो । कोचाकोच यात्रु, बसमा दोहोरो टिकटको हैरानी, थोत्रा र ठसठसती गनाउने बस, सवारी कर्मचारीको टर्रो बोली, गुनासो गर्दा उल्टै हप्की खानुपर्ने स्थिति, खाना खान ओराल्ने ठाउँमा समेत सिन्डिकेट ! राप्ती राजमार्गको दाङ–सल्यान खण्डमा ठूला सवारी दुर्घटना नियमितजस्तै थिए। यस्तो हैरानीबाट यात्रुले मुक्ति पाउनु र अर्कोतर्फ विद्युतीय सवारीको कारण प्रदूषण कम हुनु खुशी र राहतको विषय हो । यात्रुलाई दाङदेखि सल्यान आउँदा बसपार्कसम्म त बसकै जिम्मा हुन्थ्यो, यस पटक त अतिरिक्त शुल्कबिनै कतिपय कम दूरीका यात्रुलाई गाडीले घरसम्मै पु¥याइदियो। एक हदसम्म ईभी क्रान्तिले यात्रुको आत्मसम्मान बढाएझैँ लाग्यो।

**बनमाराको बिगबिगी**

'बनमाराले वनै खायो'...उदितनारायण झाले यो गीत गाउँदासम्म बनमाराले सायद थोरै मात्र वन खाएको हुँदो हो। तर आजभोलि बनमाराको साम्राज्य अलि व्यापक देखिन्छ । क्रोमोनाइला ओडोराटा अर्थात् औंले बनमारा नेपालमा तीव्र रूपमा फैलिएको मिचाहा वनस्पतिमध्ये एक हो । स्थानीय वनस्पतिमाथि आक्रमण गर्दै सर्वत्र फैलिनु यसको विशेषता हो। केही वर्षअगाडि वनजंगलतिर मात्र देखिने बनमारा गाउँघरका खरबारी, बाटो किनार हुँदै घरगौँडोमा समेत फैलिएको छ।

हुन त बनमाराबाट जैविक मल बनाउनेदेखि अनेक प्रयोगका विकल्प छन् भनिन्छ तर व्यावहारिक रूपमा त्यो कति सहज छ र कति कृषकले त्यसो गर्छन् भन्ने अर्को प्रश्न छँदैछ।

**बसाइँसराइ एक घनचक्कर**

आफैले थातथलो छोडिसकेपछि ग्रामीण बसाइँसराइबारे अलि चर्को स्वरमा बोल्नु त्यति न्यायोचित नहोला । जनगणनाको दशवर्षे अवधि (२०६८–२०७८) मा जनसंख्या घटेका ३२ जिल्लामध्ये सल्यान ३१औँ हो । यहाँ ०.१५ प्रतिशतले जनसंख्या घटेर दुई लाख ३८ हजार ६६८ हुन पुग्यो । यसको कारण प्रजनन दर घटेर नभई बसाइँसराइ हो । समृद्धि, सुरक्षा र शिक्षाको खोजीमा बसाइँसराइ गर्ने मानवीय स्वभाव आदि कालदेखि नै चलिआएको हो। हाम्रो गाउँमा पनि भएको यही हो।

कहिल्यै थातथलो नछोडेकाहरूले बुढ्यौलीमा गाउँ छाड्दा 'बसाइँ सर्नेको ताँतीले बस्नेको मन रुवाउँदछ' बोलको जेबी टुहुरेले गाएको गीतको सान्दर्भिकता झनै बढेको महसुस हुन्छ। उनीहरूमध्ये धेरै नचाहेरै पनि गाउँ छाड्न बाध्य छन्। आफन्त र छिमेकीहरूले गाउँ छाडेको ननिको दृश्य हेर्दै कतिपय कोक्किइरहेका छन्।

बसाइँसराइ एक प्राविधिक प्रक्रिया मात्र होइन । यसले गहिरो सामाजिक सांस्कृतिक र मनोवैज्ञानिक प्रभाव छोड्छ । ८५ नाघेकी हाम्री ठूलीआमाको जीवनकालमै गाउँ (शारद नगरपालिका–३ बडाखोला) ले जनसांख्यिक बनोटले पूरै काँचुली फे¥यो। लगभग सबैजसो इष्टमित्रले बसाइँ सरे। बचेका आफन्तका एकदुई घरले पनि बसाइँ सर्न खुट्टा उचालिसकेका छन्। पुराना दिन स्मरण गर्दा उहाँलाई गाह्रो हुन्छ । बसाइँसराइ एक घनचक्कर पनि हो, केही मानिस बसाइँसराइ गरेर आएका पनि छन्, तर ज्यादै थोरै।

**विकास अर्थात् बाटो**

विकासप्रतिको आम ग्रामीण बुझाई बाटो नै हो। हुन पनि विकासका अरू आयामको उत्तोलक पनि बाटो हो। तर बाटो मात्र सबै विकास होइन। गाउँमा बाटो सबैतिर पुगेको छ। पहिलेभन्दा गाउँमा सुबिस्ता छ। हामीले जिउला (धान रोप्ने खेत भएको स्थान) बाट धान पराल पिठ्युँमा बोकेर ल्याएको धेरै भएको छैन, तर अहिले ट्याक्टरले घरसम्मै ल्याइपु¥याउँछ । श्रमको उत्पादकत्व बढेको छ । तर प्राथमिकता बाटोले मात्र पाउँदा समृद्धिका अन्य आयाम पछि परे।

बहुदलको शुरूआती वर्षहरूसम्म निक्कै चहलपहल हुने सल्यान सदरमुकामको देउराली पुस्तकालय २०६२÷६३ ताकसम्म जसोतसो चल्दै थियो, त्यसपछि बन्द भयो । अहिले यहाँ कुनै सार्वजनिक पुस्तकालय अस्तित्वमा छैनन्। यहाँका सरकारी स्कुलसमेत विद्यार्थीको अभावमा बन्द वा 'मर्ज' हुँदै गए। मेरै गाउँको श्री द्वारिका प्रावि छिमेकको श्री खड्गदेवी प्राविमा गाभियो। हुन त सल्यान जिल्ला संवत् २०७२ पौष १५ गते २२ औँ पूर्ण साक्षर जिल्ला घोषणा भएको हो, बडो तामझामसाथ । त्यो समय देशकै राजधानीलाई पछार्दै पूर्ण साक्षर जिल्ला बनेकोमा हामीले गर्व गरेकै हो । तर पर्यावरण, स्रोतको विवेकपूर्ण प्रयोग, सरसफाइ, फोहोरमैला व्यवस्थापन, सीप विकासजस्ता कुरामा भने हामी निक्कै पछि प¥यौँ। यसको हेक्का यहाँका थोरै पनि जनप्रतिनिधि र सरकारी हाकिमलाई भएझैँ लाग्दैन । सर्वसाधारणलाई त सधैँ दुई छाकको दौडधुप छँदैछ। उकालो

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# ‘समावेशी समानुपातिक प्रतिनिधित्वलाई कमजोर बनाउनु हुन्न’



**काठमाडौँ ।**
नेपाली कांग्रेसका नेताहरूले संविधानमा व्यवस्था गरिएको समावेशी समानुपातिक प्रतिनिधित्वको व्यवस्थालाई कुनै पनि बहानामा कमजोर बनाउने काम नहुने बताएका छन् ।

नेपाल दलित संघका केन्द्रीय अध्यक्ष तथा सदस्यहरूलाई प्रमाणपत्र वितरणका लागि आइतबार ललितपुरको सानेपास्थित पार्टी केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा कांग्रेस नेताहरूले संविधान संशोधन गर्दा सत्ता गठबन्धनले प्रतिनिधित्वको विषयलाई कमजोर बनाउन लागेको भनेर विपक्षी दलहरूले हल्ला चलाएको र त्यो सत्य नभएको स्पष्ट पारेका छन् ।

कार्यक्रममा कांग्रेस उपसभापति पूर्णबहादुर खड्काले दलितलगायत पछाडी परेका समुदायको हितका लागि कांग्रेसले सधैँ आवाज उठाएको र समावेशी समानुपातिक प्रतिनिधित्व त्यसैको उपज भएको धारणा राखे । उनले पार्टी सभापति शेरबहादुर देउवाकै नेतृत्वको सरकारले दलित समुदायको हकअधिकारको कुरा उठान गर्न दलित आयोगलगायत व्यवस्थाका लागि महत्वपूर्ण योगदान गरेको स्मरण गरे ।

‘कांग्रेसले आफ्नो स्थापनाकालदेखि नै दलितहरूको प्रतिनिधित्वको सवालमा महत्वपूर्ण काम गरेको छ । पार्टीभित्र र राज्यका निकायमा पनि दलितको समान सहभागिता र सशक्तीकरणका लागि आवश्यक बन्दोबस्त गरेको छ । त्यसलाई थप बलियो बनाउनुपर्ने आवश्यकता छ’, उपसभापति खड्काले भने,‘पछिल्लो परिवर्तनपछि नेपालको संविधानमा धेरै व्यवस्थाहरू गरिएका छन् । त्यसलाई थप बलियो र व्यवस्थित गर्नुपर्छ भनेर वर्तमान गठबन्धन सरकारले संविधान संशोधनको कुरा गरिरहेको छ । समानुपातिक मात्रै होइन, अब प्रत्यक्ष निर्वाचनमै दलितको नेतृत्व विकासलाई सुनिश्चितता गर्दै अगाडि बढ्नुपर्छ ।’

कांग्रेस महामन्त्री गगनकुमार थापाले नेपाली कांग्रेसले संविधानमा भएको सबै जातजातिको प्रतिनिधित्वको व्यवस्थालाई थप व्यवस्थित बनाउन भूमिका खेल्ने बताए । उनले हाल भएको व्यवस्थाले देशभर सबै जातजातिको प्रतिनिधित्व सुनिश्चित गरे पनि त्यसलाई थप समृद्ध बनाएर जानुपर्नेमा जोड दिए । ‘संविधानले गरेको व्यवस्थाअनुसार सबैको प्रतिनिधित्व सुनिश्चित भएको छ । त्यो उपलब्धिमा टेकेर थप समृद्ध र व्यवस्थित व्यवस्थाका लागि हामीले जोडबल गर्छौं । अहिलेको व्यवस्थालाई थप कमजोर बनाउने कुरा हामीले सोच्नै सक्दैनौँ’, महामन्त्री थापाले भने, ‘हामी यसलाई थप व्यवस्थित बनाउन चाहन्छौँ । अहिले जहाँ बाध्यकारी भनिएको छ, त्यहाँ मात्रै प्रतिनिधित्वको कुरा गर्ने र बाध्यकारी नभनिएको कुरा पालना नगर्ने प्रवृत्ति छ । त्यसैले संविधान संशोधन गर्दा प्रतिनिधित्वलाई बाध्यकारी बनाउने व्यवस्थाका लागि पार्टीले पहल गर्छ । यसमा दलित संघले सबैसँग छलफल गरेर आफ्नो मत प्रस्तुत गर्न र दबाब बढाउन आवश्यक छ ।’

महामन्त्री थापाले ११ वर्षभन्दा लामो समयदेखि संघको निर्वाचन हुन नसक्दा राम्रो सन्देश नगएको उल्लेख गर्दै अब तोकिएको समय आगामी चैतभित्र महाधिवेशन सम्पन्न गर्न आग्रह गरे ।

पार्टीका सहमहामन्त्री जीवन परियारले अन्य पार्टीको तुलनामा अहिले पनि कांग्रेसमा पहुँच, प्रतिनिधित्व र सम्मानमा कुनै समस्या नरहेको तर यसले मात्रै परिवर्तित अवस्थाका माग तथा मुद्दालाई सम्बोधन गर्न नसक्ने बताए ।

उनले पार्टीले हरेक तहका चुनावमा दलितहरूलाई प्रत्यक्ष निर्वाचनका लागि तयार गर्नुपर्ने र सोही अनुसार टिकट दिनुपर्ने बताए ।

‘कांग्रेसको जीवनकालमा हालसम्म मलगायत तीन जनाले मात्रै चुनावमा प्रत्यक्षतर्फ उम्मेदवार बन्ने अवसर पायौँ । पछिल्लो निर्वाचनमा म आफैँ निर्णायक तहमा रहेर पनि सङ्घीय निर्वाचनमा प्रत्यक्षतर्फ उम्मेदवार उठाउन सकिएन । यो राम्रो भएन । त्यसैले अब पार्टीभित्र पनि प्रतिनिधित्वको मुद्दालाई थप बलियो बनाउँदै लैजानुपर्छ’, सहमहामन्त्री परियारको भनाइ थियो ।

पार्टी प्रवक्ता डा.प्रकाशशरण महतले कांग्रेसले नै ‘कदमजम’ अर्थात् कर्णाली, दलित, मधेशी, जनजाति र महिला अधिकारको कुरा उठाएको र सोही नीतिअनुसार संवैधानिक व्यवस्था गरिएको जिकिर गरे । उनले भने,‘कांग्रेस नै हो कदमजमको कुरा गर्ने, पछि सोहीअनुसारको व्यवस्था संविधानमा पनि गर्‍यौँ । त्यसैले संविधानमा भएको समानुपातिक प्रतिनिधित्वको व्यवस्थालाई थप बलियो बनाउँदै लैजानुपर्नेमा हामी प्रस्ट छौँ । तर प्रतिपक्षीहरूले संविधान संशोधन गर्दा यो व्यवस्था विरोधी काम गर्छन् कि भनेर अफवाह फैलाएको सुन्छु, भ्रममा नपर्नुहोला । समानुपातिक प्रतिनिधित्वलाई बलियो बनाउने हो, अहिलेको भन्दा राम्रो व्यवस्था गर्ने हो तर विधिका बारेमा गम्भीर छलफल गरेर निष्कर्षमा पुग्छौँ ।’

कार्यक्रममा दलित संघका संस्थापक सभापति मानबहादुर विश्वकर्मा र पूर्वअध्यक्ष मीन विश्वकर्माले कांग्रेसले १३ प्रतिशतभन्दा बढी जनसंख्या भएको दलित समुदायको भावनाविपरीत कुनै काम नगर्नेमा आफूहरू विश्वस्त रहेको बताए । उनीहरुले आफ्नो पार्टीसहितको सरकारले आमदलित समुदायको हितमा काम गर्ने अवस्था बनाउन, संविधान संशोधनको कुरा उठिरहँदा आफ्ना माग सशक्तरूपमा राख्न संघले समयमै महाधिवेशन सम्पन्न गरी रचनात्मक काममा लाग्नुपर्नेमा जोड दिए ।

संघका अध्यक्ष लोकबहादुर विश्वकर्माले पार्टीले विश्वास गरेर आफ्नो नेतृत्वमा समिति गठन गरेकामा आभार व्यक्त गर्दै समयमै महाधिवेशन सम्पन्न गर्न आफू दत्तचित्त भएर लागिरहेको बताए ।

कार्यक्रममा पार्टीका पूर्वउपसभापति गोपालमान श्रेष्ठ, वन तथा वातावरण राज्यमन्त्री रुपा विक, केन्द्रीय सदस्यद्वय सुजाता परियार र कमल बुढा, नेपाल महिला संघका सभापति आशा रावत मिश्र, नेपाल किसान महासंघका अध्यक्ष गणेशचन्द्र तिमिल्सिना, दलित संघका केन्द्रीय सदस्य मुक्तबहादुर महते, शम्भुहजारा पासवानलगायतले आ–आफ्नो धारणा राखेका थिए ।

विगत ११ वर्षदेखि सङ्घको नेतृत्व चयनका लागि महाधिवेशन हुन सकेको छैन । आगामी चैत मसान्तभित्र महाधिवेशन सम्पन्न गर्ने जिम्मेवारीसहित विश्वकर्माको सभापतित्वमा दुई सय ४० सदस्यीय केन्द्रीय तदर्थ समिति गठन गरिएको छ ।

आइतबार सोही समितिका अध्यक्ष तथा सदस्यहरूलाई प्रमाणपत्र वितरण तथा सम्मान कार्यक्रम आयोजना गरिएको हो । रासस

# राष्ट्रपति पौडेल अजरबैजान प्रस्थान



**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेल उच्चस्तरीय नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै अजरबैजानको बाकु सहरमा हुने जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि पक्ष राष्ट्रहरूको २९ औँ सम्मेलन (कोप–२९) मा भाग लिन आइतबार अपराह्न त्यसतर्फ प्रस्थान गरेका छन् ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अति विशिष्ट कक्षमा उनलाई उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री केपी शर्मा ओली र प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले बिदाइ गरे । यसअघि नेपाली सेनाको एक टुकडीले राष्ट्रपति पौडेलको सम्मानमा सम्मानगारत अर्पण गरेको थियो ।

राष्ट्रपतिको बिदाइका लागि उपप्रधानमन्त्री, मन्त्री, सांसद, नेपाल सरकारका उच्च पदस्थ अधिकृत तथा सुरक्षा निकायका प्रमुख र नेपालस्थित कूटनीतिक नियोगका प्रतिनिधिहरू विमानस्थल पुगेका थिए ।

अजरबैजानका राष्ट्रपति इलहम अलियभको निमन्त्रणामा सम्मेलनमा सहभागी हुन राष्ट्रपति पौडेल बाकु गएका हुन् ।

उनले यही कात्तिक २७ र २८ गते हुने उच्चस्तरीय सत्रको ‘विश्व नेताहरू जलवायु कार्य शिखर सम्मेलन’लाई कात्तिक २७ गते सम्बोधन गर्ने कार्यक्रम रहेको छ ।

कात्तिक २८ गते राष्ट्रपति पौडेलको नेतृत्वमा नेपालले बेग्लै उच्चस्तरीय सत्र सञ्चालन गर्ने तय भएको छ । ‘पर्वतीय क्षेत्रमा जलवायुजन्य हानि तथा नोक्सानीको सम्बोधन’ विषयक उक्त बैठकमा नेपालले आफ्ना ‘एजेन्डा’माथि विश्वको ध्यानाकर्षण गराउनेछ ।

सम्मेलन यही कात्तिक २६ सुरु भई आगामी मङ्सिर ७ गतेसम्म सञ्चालन हुनेछ । सम्मेलनमा सहभागी भई राष्ट्रपति पौडेल कात्तिक ३० गते शुक्रबार बिहान स्वदेश फर्कने कार्यतालिका छ ।

राष्ट्रपतिको भ्रमण टोलीमा उहाँकी धर्मपत्नी सावित्रा पौडेल,राष्ट्रपतिका जल तथा वातावरणविज्ञ डा परमेश्वर पोखरेल, मुख्य निजी सचिव अवज्ञा पौडेल,सञ्चारविज्ञ किरणकुमार पोखरेल,राष्ट्रपति कार्यालयका सचिव नाराणप्रसाद शर्मा,प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव कृष्णहरि पुष्कर, राष्ट्रिय समाचार समिति (रासस) का कार्यकारी अध्यक्ष धर्मेन्द्र झा, परराष्ट्र मन्त्रालयका सहसचिव अमृतबहादुर राईलगायत छन् । रासस

# ‘अहिलेको गठबन्धन सरकार पूरै कार्यकाल जान्छ’



**सुदूरपश्चिम ।**
नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले वर्तमान कांग्रेस–एमालेको गठबन्धन सरकार २०८४ सम्मै जाने बताएका छन् ।

धनगढी विमानस्थलमा आइतबार पत्रकारसँग संक्षिप्त कुरा गर्दै पूर्वप्रधानमन्त्रीसमेत रहेका देउवाले वर्तमान गठबन्धनमा कुनै समस्या नरहेकाले यो पूरै कार्यकाल टिक्ने विश्वास व्यक्त गरे । सहकारी प्रकरणका विषयमा सोधिएको प्रश्नमा देउवाले भने, ‘हाम्रा साथीलाई मुद्दा लाग्दा हामीले कहिल्यै होहल्ला गरेनौं, यो अदालती प्रक्रियामा छ ।’

देउवा गृह जिल्ला डडेल्धुराका विभिन्न कार्यक्रममा सहभागी हुन जानेक्रममा आइतबार धनगढी पुगेका हुन् । कांग्रेस सुदूरपश्चिम प्रदेश कार्यसमितिका प्रवक्ता सुरत रावतले सभापति देउवा पार्टीको जिल्ला कार्यसमिति बैठक,पालिका स्तरीय भेटघाट, उग्रतारामा लाग्ने मेला, गन्यापधुरा गाउँपालिकामा हुने कार्यक्रममा सहभागी हुने जानकारी दिए । रासस

# लामिछानेलाई थप १३ दिन हिरासतमा राख्न अनुमति



**कास्की ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई थप १३ दिन हिरासतमा राखेर अनुसन्धानका लागि कास्की जिल्ला अदालतले आइतबार अनुमति दिएको छ ।

जिल्ला अदालतका न्यायाधीश नवराज दाहालको एकल इजलासले सभापति लामिछानेलाई हिरासतमा राखेर थप अनुसन्धान गर्न अनुमति दिएको अदालतका सूचना अधिकारी सुरज अधिकारीले जानकारी दिए । प्रहरीले सभापति लामिछानेलाई आइतबार कार्यालय समय खुलेलगत्तै म्याद थपका लागि अदालत लगेको थियो ।

पोखराको सूर्यदर्शन बचत तथा ऋण सहकारीको रकम अपचलन गरेको अभियोगमा सभापति लामिछाने यही कात्तिक २ गते पक्राउ परेका हुन् ।

उनलाई कात्तिक ४ गते पहिलोपटक अदालत उपस्थित गराइएकामा पहिलोपटक पक्राउ परेको मितिले सात दिन र दोस्रो पटक कात्तिक ७ गते थप सात दिन म्याद थप गरिएको थियो । कात्तिक २० गते तेस्रोपटक कात्तिक १५ गतेदेखि लागू हुने गरी १० दिनको अनुसन्धान समय दिइएको थियो । सभापति लामिछानेलाई प्रहरीले अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालयमा राखेको छ । रासस

# बागमती प्रदेशमा कांग्रेस र एमालेको संयन्त्र गठन

**काठमाडौँ ।**
नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)को बागमती प्रदेशस्तरीय दुई दलीय संयन्त्र गठन भएको छ ।

संयन्त्रमा दुई दलका तीन–तीन नेता रहनुभएको संयन्त्रका सदस्य एवं एमाले बागमती प्रदेशका इन्चार्ज डा.राजन भट्टराईले जानकारी दिए । उनले आइतबार नै संयन्त्र निर्माण गरी बैठक बसेको बताए ।

इन्चार्ज भट्टराईका अनुसार कांग्रेसका तर्फबाट कांग्रेस बागमती प्रदेश कार्यसमिति सभापति इन्द्रबहादुर बानियाँ, बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह तामाङ र पार्टीका बागमती प्रदेश उपसभापति चन्द्र महर्जन तथा एमालेका तर्फबाट बागमती प्रदेश इन्चार्ज डा.भट्टराई, बागमती प्रदेश अध्यक्ष कैलाश ढुङ्गेल र बागमती प्रदेशमा एमाले संसदीय दलको नेता जगन्नाथ थपलिया रहेका छन् ।

बैठकले बागमती प्रदेशका १३ वटै जिल्लामा दुवै दलका जिल्ला तहसँग समन्वय गरी यथाशीघ्र संयन्त्र निर्माण गर्न निर्देशन दिएको डा भट्टराईले जानकारी दिए । बैठकले संयन्त्रको बैठकको दुई दलले एक—एक महिना पालैपालो संयोजन गर्ने र मङ्सिर मसान्तसम्मको बैठकको संयोजन कांग्रेसले गर्ने सहमति भएको छ ।

यस्तै,संयन्त्रको सचिवालयमा नेपाली कांग्रेस र एमालेका तर्फबाट एक—एकजना रहने, संयन्त्रको बैठक महिनाको कम्तीमा एकपटक अनिवार्य बस्ने र आवश्यकताअनुसार थप बैठक बस्न सक्ने निर्णय गरेको छ । दलीय संयन्त्र र बागमती प्रदेश सरकारका मन्त्रीको संयुक्त बैठक आगामी मङ्सिर ३ गते बागमती प्रदेशका मुख्यमन्त्रीको कार्यालय हेटौँडामा बसी बागमती प्रदेश सरकार गठन भएको एक सय दिनको उपलब्धि र आगामी कार्यक्रमका बारेमा जानकारी लिने समेत निर्णय भएको इन्चार्ज डा भट्टराईले बताए । केन्द्रमा पनि दुई दलबीच सरकार सञ्चालन गर्नका लागि चार–चारजना रहेको संयन्त्र निर्माण गरिएको छ । रासस

# ओली चीन र रेग्मी अमेरिकाका लागि राजदूत

**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले प्राडा कृष्णप्रसाद ओलीलाई जनवादी गणतन्त्र चीनका लागि र लोकदर्शन रेग्मीलाई संयुक्त राज्य अमेरिकाका लागि नेपालको आवासीय राजदूत पदमा नियुक्त गरेका छन् । राष्ट्रपति पौडेलले मन्त्रिपरिषद्को सिफारिसमा उनीहरुलाई राजदूत पदमा नियुक्ति गरेका हुन् ।

राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा २८२ को उपधारा (१) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिसमा प्राडा ओलीलाई जनवादी गणतन्त्र चीनका लागि र लोकदर्शन रेग्मीलाई संयुक्त राज्य अमेरिकाका लागि नेपालको आवासीय राजदूत पदमा नियुक्त गरेको राष्ट्रपति कार्यालयका प्रवक्ता शैलजा रेग्मी भट्टराईले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । रासस

# खबरदारी अभियान चलाउँदै माओवादी केन्द्र

**मकवानपुर ।**
पूर्वप्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले माओवादी केन्द्रले सबै स्थानीय तहबाट खबरदारी अभियान चलाउने तयारी गरिरहेको बताएका छन् ।

प्रेस सेन्टर मकवानपुरद्वारा मकवानपुरमा आयोजित पत्रकार सम्मेलनमा देशव्यापी अभियान सञ्चालन गरी जनतासमक्ष पुग्ने बताएका हुन् । माओवादी केन्द्र सरकार बाहिर रहँदा अहिले जनतामाझ पुग्न सहज भएको उल्लेख गर्दै उनले केही कमजोरी सुधार गरेर परिवर्तनका पक्षमा सशक्त ढङ्गबाट अघि बढ्ने धारणा व्यक्त गरे ।

अध्यक्ष दाहालले देशमा व्याप्त भ्रष्टाचार अन्त्यका लागि विद्यमान निर्वाचन प्रणाली र शासकीय स्वरूप नै परिवर्तन गर्नुपर्नेमा जोड दिए । उनले भ्रष्टाचारको मूल कारण भनेको ठूलो धनराशि खर्च गरेर चुनाव जित्नु हो भन्दै त्यसको अन्त्यका लागि प्रत्यक्ष निर्वाचित कार्यकारीको मुद्दा आफूहरुले उठाएको स्पष्ट गरे ।

अध्यक्ष दाहालले शासकीय स्वरूपमा परिवर्तन नआउञ्जेल नेपालमा स्थिरता कायम नहुने जिकिर गरे ।सहकारी ठगीको प्रसङ्गमा जवाफ दिँदै उनले आग्रह नराखी निष्पक्ष रुपमा अनुसन्धान प्रक्रिया अघि बढ्नुपर्ने धारणा व्यक्त गरे । अध्यक्ष दाहालले सरकारको काम कारबाहीप्रति असन्तुष्टि व्यक्त गर्दै नेकपा माओवादीले अब सबै पालिकाबाट खबरदारी अभियान चलाएर आफ्नो भनाइ राख्ने तयार गरिरहेको बताए । रासस

# अर्थ समितिका काम प्रभावकारी बनाउन छलफल

**काठमाडौँ ।**
सङ्घीय संसद् प्रतिनिधि सभाअन्तर्गतको अर्थ समितिका काम प्रभावकारी र नतिजामुखी ढङ्गले सञ्चालन गर्न छलफल भएको छ ।

समितिको आइतबारको बैठकमा कार्यसूची बनाउने र सदस्यहरुको सहभागिता बढाउने विषयमा छलफल भएको सभापति सन्तोष चालिसेले जानकारी दिए ।

समितिमा विचाराधिन विधेयकलाई चाँडो टुङ्ग्याउने तथा समितिका अन्य काम कारबाहीलाई प्रभावकारी बनाउन सदस्यहरुको बैठकमा उपस्थिति बढाउनेबारे पनि छलफल भएको उनको भनाइ छ ।



'संसदीय समितिका बैठकहरुमा गणपूरक सङ्ख्या (कोरम) नपुग्ने समस्या छ । कोरम नपुऱ्याइ छलफल र निर्णयहरु गर्न नियमले मान्दैन', बैठकमा उनले भने, 'सभामुखले पनि यस विषयमा चासो देखाउनुभएको छ । समितिका बैठक बोलाउँदा सबै दलका प्रमुख सचेतक तथा सचेतकहरुलाई जानकारी गराउने र सदस्यहरुको उपस्थिति बढाउने विषयमा पनि छलफल भएको छ ।'

समितिको बैठकमा सांसद सूर्यबहादुर थापा क्षेत्रीले समितिका काम प्रभावकारी बनाउन कार्यतालिका बनाएर कडाईका साथ लागू गरिनुपर्ने बताए ।

समितिमा गणपूरक संख्या नपुगेर विधेयक माथिका छलफल प्रभावित हुन नहुने उनको भनाई थियो । त्यस्तै, सांसद जुली कुमारी महतो (महासेठ)ले चालु आर्थिक वर्षको बजेट कार्यान्वयनका सन्दर्भमा सम्बन्धित मन्त्रालयहरुलाई समितिमा बोलाएर जानकारी लिनुपर्ने बताए ।

अर्थ समितिमा अहिले पाँचवटा विधेयक विचाराधिन छन् । ती विधेयकमाथि चाँडो छलफल गरेर टुङ्गाउनुपर्ने धारणा समितिका अधिकांश सदस्यहरुको मत छ ।

चाडबाडहरु सकिएको र अहिले संसदको हिउँदे अधिवेशन समेत सुरु नभएको अवस्थामा समितिका गतिविधिहरु बढ्नुपर्ने विषय समितिमा उठेको थियो । त्यस्तै, आगामी मङ्सिर १६ गतेका लागि तय भएको उपनिर्वाचन अघि समितिका बैठक प्रभावित हुनसक्ने धारणा सांसदहरुको थियो । रासस

# नेप्सेमा १० अर्बको कारोबार

**काठमाडौँ ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अङ्कको वृद्धि देखिँदा करिब रु १० अर्ब बराबरको कारोबार भएको छ ।

आइतबार नेप्से परिसूचक ६२ दशमलव ५४ अङ्कको वृद्धि पछि दुई हजार सात सय ३८ दशमलव ०६ को अङ्कमा कायम भएको हो ।

तीन सय २५ कम्पनीको दुई करोड २४ लाख ७४ हजार दुई सय ८१ कित्ता शेयर एक लाख छ सय ५१ पटक खरिदबिक्री हुँदा नौ अर्ब ७७ करोड ११ लाख २४ हजार ७३ रुपैयाँ बराबरको कारोबार भएको छ ।

आइतबार जलविद्युत् समूहको उपसूचकमा सबैभन्दा बढी चार दशमलव २६ प्रतिशतको वृद्धि देखिएको छ । बैंकिङ एक दशमलव ६२, विकास बैंक दुई दशमलव ७१, वित्त दुई दशमलव ४८, होटल तथा पर्यटन शून्य दशमलव ९६ र लगानी समूह दुई दशमलव ५६ प्रतिशतले बढेको छ । जीवन बिमा दुई दशमलव १६, उत्पादन तथा प्रशोधन दुई दशमलव ३२, लघुवित्त एक दशमलव ५१, म्युचुअल फण्ड शून्य दशमलव ६२, निर्जीवन बिमा एक दशमलव ९५, व्यापार एक दशमलव १५ र अन्य समूह दुई दशमलव ५२ प्रतिशतले बढेको छ ।

गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड, सृजनशील लघुवित्त वित्तीय संस्था लिमिटेड र सुपरमादी हाईड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी सानिमा ग्रोथ फण्डको शेयर मूल्य छ दशमलव ७६ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा आज सबैभन्दा बढी सानिमा जिआइसी इन्स्योरेन्स लिमिटेडको ३८ करोड चार लाख ३७ हजार रुपैयाँको शेयर किनबेच भएको छ । त्यस्तै, कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा बढी हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी प्रमोटर शेयर १० लाख ४७ हजार ३५ कित्ता शेयर किनबेच भएको छ । रासस

# पुटिनद्वारा उत्तर कोरियासँगको सम्झौतालाई अन्तिम रूप प्रदान

**मस्को ।**
रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले उत्तर कोरियासँगको ऐतिहासिक रक्षा सन्धिमा हस्ताक्षर गरेका छन् । यो सम्झौता प्योङयाङले युक्रेनविरुद्ध लड्न हजारौँ सैनिक पठाएको खबरका बीच आएको छ ।

पुटिनले जुन महिनामा उत्तर कोरियाको भ्रमणका क्रममा यो सम्झौता गर्नुभएको थियो तर लागू हुनका लागि रुसको संसद्बाट पारित हुनुपर्ने र उनबाट हस्ताक्षर गरिनुपर्ने थियो ।

क्रेमलिनले शनिबार साँझ आफ्नो वेबसाइटमा सन्धि अनुमोदन गर्ने हस्ताक्षर गरिएको कानून प्रकाशित गरेको छ । यो सम्झौताले शीतयुद्धभरि कम्युनिस्ट सहयोगी रहेका दुई राष्ट्रबीच महिनौँदेखिको गहिरो सुरक्षा सहयोगलाई औपचारिक रूप दिएको छ ।

उत्तर कोरिया युक्रेनमाथि रुसको पूर्ण–स्तरीय आक्रमणको सबैभन्दा मुखर र महत्त्वपूर्ण समर्थकहरू मध्ये एक बनेको छ ।

हस्ताक्षरित सम्झौताले दुवै मुलुकलाई अर्को देशमाथि आक्रमण भएको खण्डमा 'ढिलाइ नगरी' सैन्य सहायता प्रदान गर्न बाध्य बनाउँछ ।

यसले उनीहरूलाई पश्चिमी प्रतिबन्धहरूको विरोध गर्न र संयुक्त राष्ट्रसंघमा आफ्ना स्थितिहरू समन्वय गर्न अन्तर्राष्ट्रियस्तरमा सहकार्य गर्न पनि प्रतिबद्ध गर्दछ ।

पुटिनले जुनमा यसलाई 'महत्त्वपूर्ण दस्तावेज' का रूपमा प्रशंसा गरेका थिए । गुप्तचर रिपोर्टहरूलाई उद्धृत गर्दै दक्षिण कोरिया, युक्रेन र पश्चिमी देशहरूले उत्तर कोरियाले युक्रेनविरुद्ध लड्न रुसमा लगभग १० हजार सैनिक तैनाथ गरेको बताएका छन् ।

गत महिना तैनाथीका बारेमा सार्वजनिक रूपमा सोधिएको बेला पुटिनले यसलाई अस्वीकार गर्नुभएन, बरु युक्रेनलाई पश्चिमको समर्थनबारेको प्रश्नलाई बेवास्ता गर्नुभयो । रासस

# चिनी उद्योगका समस्या समाधान गर्न प्रस्ताव

**काठमाडौँ ।**
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले उखु उत्पादक किसान र चिनी उद्योगका समस्या दिर्घकालिन रुपमा समाधान गर्न प्रस्ताव गरेका छन् ।

नेपाल चिनी उद्योग सङ्घका पदाधिकारीसँगको आइतबार मन्त्रालयमा भएको छलफलका क्रममा उनले उखु किसान र चिनी उत्पादक उद्योगीका समस्या सरकारले दीर्घकालीन रुपमा समाधान गर्नुपर्ने भएकाले सरोकारवालासहित एक विशेष कार्यदल बनाउन प्रस्ताव राखे । 'उद्योग मन्त्रालयको आपूर्ति तथा उपभोक्ता हित महाशाखाका सहसचिवको नेतृत्वमा कृषि मन्त्रालय, चिनी उत्पादक उद्योगी, उखु उत्पादक किसान, चिनी आयातकर्ता र नेशनल साल्ट्र ट्रेडिङका प्रतिनिधि सम्मिलित विशेष कार्यदल बनाएर १५ दिनभित्रमा समस्या समाधानको निष्कर्ष निकाल्न



मेरो अनुरोध छ, यो प्रक्रिया छिट्टै थाल्न म मन्त्रालयको मातहतका निकायमा निर्देश गर्छु', मन्त्री भण्डारीले भने ।

उनले जहिले पनि उखु उत्पादक किसान र चिनी उत्पादक उद्योगीले समस्या ल्याएर सरकारलाई गुहारिरहनुपर्ने कुराको अन्त्य गर्नुपर्नेमा जोड दिँदै उखु किसानलाई खेती गर्नेतर्फ अभिप्रेरित गर्न आग्रह गरे ।

चिनी उद्योगीका समस्या समाधानमा सरकार सधै सकारात्मक मात्र नभइ आवश्यक सहयोगका लागि तयार रहेको उल्लेख गर्दै मन्त्री भण्डारीले उद्योगीलाई उखु किसानका मर्का सम्बोधन गर्न पनि अनुरोध गरे ।

नेपाल चिनी उद्योग सङ्घका अध्यक्ष शशिकान्त अग्रवालसहितको टोलीले सरकारले भारतबाट चोरी निकासी भएर अवैध रुपबाट ल्याइने चिनी बन्द गर्नुपर्ने, उखु किसानलाई उन्नत बीउ वितरण गर्नुपर्ने लगायतका माग राखेको थियो ।

चिनी उद्योगबाट मङ्सिरदेखि चैतसम्मको कुल उत्पादित मोलासेसको पचास प्रतिशत सञ्चित गरी बाँकी पचास प्रतिशतसम्म निकासी गर्न दिने व्यवस्था भएकामा हाल विभिन्न आन्तरिक राजस्व कार्यालयबाट सो नियमको अपव्याख्या गरिएको भन्दै सङ्घले मन्त्री भण्डारीको ध्यानाकर्षण गराएको छ ।

स्वदेशमा समेत बिक्री गरिएको मोलासेसको परिमाण घटाइ बाँकी रहेको मोलासेसको पचास प्रतिशत मात्रको अनुमति स्वीकृत गर्ने गरेकाले निकासीमा बाधा अवरोध खडा गरिएकामा सङ्घले मोलासेस निकासी गर्नुको विकल्प नभएको हुँदा सोको समाधानका लागि माग गरेको छ । रासस

# पोम्पेओ र हेली नयाँ टोलीमा नहुने



**वासिङ्टन ।**
अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो पहिलो प्रशासनका दुई वरिष्ठ नेतालाई नयाँ प्रशासनमा प्रवेश नदिने बताएका छन् ।

पूर्व विदेशमन्त्री माइक पोम्पेओ र संयुक्त राष्ट्रसंघकी पूर्व राजदूत निक्की हेलीलाई पुनः नियुक्त गर्ने सम्भावनालाई ट्रम्पले अस्वीकार गरेका छन् । आफ्नै लगानीमा सञ्चालित सामाजिक सञ्जाल, ट्रुथ सोसल सोसल नेटवर्कमा लेख्दै ट्रम्पले आफ्नो नयाँ टिमको पहिचानबारे अड्कलबाजी भइरहेका बेला आफूले ती दुबै व्यक्तिलाई आफ्नो प्रशासनमा सामेल नगर्ने बताएका छन् ।

पोम्पेओले जुलाईमा युक्रेनका लागि थप हतियार स्थानान्तरण र रूसको ऊर्जा क्षेत्रविरुद्ध कडा कदम चाल्ने योजनाको रूपरेखा प्रस्तुत गरेका थिए । ट्रम्पले आफ्नो सत्ताको पहिलो २४ घण्टामा युक्रेनको युद्ध अन्त्य गर्न सक्ने दाबी गर्दै आउनुभएको छ भने रूसविरुद्धको लडाइँमा किएभलाई दिइएको अमेरिकी सहयोगको आलोचना गर्दै आएका छन् ।

हेलीले यस वर्ष रिपब्लिकन प्राइमरीमा ट्रम्पलाई समर्थन गर्नु अघि उनीँबिरूद्ध प्रतिस्पर्धा गरेका थिए ।

अमेरिकी राष्ट्रपति निर्वाचित ट्रम्पले लेखेका छन्, 'म उनीहरूसँग पहिले पनि काम गरेको हो र त्यसको प्रशंसा गर्छु र हाम्रो देशको सेवाका लागि उनीहरूलाई धन्यवाद दिन चाहन्छु ।'

ट्रम्पले आफ्नो चुनावी अभियानका म्यानेजर सुसी विल्सलाई ह्वाइट हाउसको चिफ अफ स्टाफमा नियुक्त गरिसकेका छन् । ह्वाइट हाउसको महत्वपूर्ण द्वारपालको भूमिकामा नियुक्त हुने उनी पहिलो महिला हुन् । रासस

# तिलिचोको आधार शिविरमा राष्ट्रिय ग्रिडको बिजुली

**काठमाडौँ ।**
हिमालपारिको जिल्ला मनाङस्थित पर्यटकीय स्थल तिलिचो तालको आधार शिविर (बेस क्याम्प) मा राष्ट्रिय प्रसारण ग्रिडको विद्युत् पुगेको छ ।

मनाङ ङिस्याङ गाउँपालिका–९ खाङ्सारस्थित समुद्री सतहबाट ४ हजार २ सय ५० मिटर उचाइमा रहेको बेस क्याम्पमा राष्ट्रिय प्रसारण लाइन पुर्याएर विद्युत् आपूर्ति दिन सुरु गरिएको छ । बेस क्याम्पमा ५० केभिए क्षमताको वितरण ट्रान्सफर्मर राखी विद्युत् आपूर्ति दिइएको हो ।

बेस क्याम्पमा १० वटा होटल, स्वास्थ्य चौकी र स–साना रेस्टुरेन्टहरु सञ्चालित छन् । बेस क्याम्पमा विद्युत्का ग्राहक सङ्ख्या १५ रहेको छ । राष्ट्रिय प्रसारण लाइन पुग्नुभन्दा पहिले बेस क्याम्पमा सौर्य ऊर्जा र डिजेल जेनेरेटरबाट विद्युत् उत्पादन गरी आपूर्ति हुँदै आएको थियो । उक्त स्थान अन्नपूर्ण संरक्षण क्षेत्रभित्र पर्दछ ।

सौर्य ऊर्जाको व्याकपले नधान्दा पर्यटकीय स्थलमा विगतमा विद्युत् आपूर्तिको ठूलो समस्या रहेको उल्लेख गर्दै मनाङ ङिस्याङ गाउँपालिका–९का वडाध्यक्ष च्योल्पा गुरुङले राष्ट्रिय प्रसारण लाइन पुगेपछि अहिले धेरै सहज भएको बताए ।

'राष्ट्रिय लाइन पुगेपछि बेस क्याम्पबाट तिलिचो ताल जाने पैदलयात्रीहरुको अक्सिजन तह मापन गर्ने मेसिन राखिएको



छ, विद्युत्को प्रयोग गरी पानी उमाल्न थालिएको छ जसले गर्दा ग्याँसको प्रयोग करिब ४० प्रतिशतले कटौती भएको छ', बेस क्याम्पमा होटलसमेत सञ्चालन गर्दै आएका वडाध्यक्ष गुरुङले भने ।

'लामो लाइन भएकाले ट्रिपिङ हुने समस्या छ, लाइनलाई भरपर्दो र गुणस्तरीय बनाउन सकिएमा होटलमा एसी राख्न र खाना पकाउन विद्युतीय चुलो इन्डक्सन प्रयोग गरी ग्याँसको प्रयोगलाई पूर्ण रुपमा कटौती गर्न सकिन्छ ।' उनले उक्त क्षेत्रमा दाउरा महंगो हुने भएकाले खाना पकाउन, पानी उमाल्न ग्याँसको प्रयोग हुने गरेको उल्लेख गरे ।

केहीदिनअघि मनाङ ङिस्याङ गाउँपालिका–९ खाङ्सार पुग्नु भएका नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले धार्मिक एवम् पर्यटकीय क्षेत्रलाई उज्यालो बनाउने अभियानअन्तर्गत तिलिचो तालको बेस क्याम्पमा राष्ट्रिय प्रसारण लाइनको विद्युत पुर्याइएको बताए ।

वडाध्यक्षसहित स्थानीयसँगको छलफलमा कार्यकारी निर्देशक घिसिङले भने,'बेस क्याम्पमा राष्ट्रिय ग्रिड पुर्याउनमा केन्द्रीत थियौं, ठूलो सङ्ख्यामा स्वदेशी तथा विदेशी पर्यटकहरु आवतजावत हुने मनाङ जिल्लाको समग्र विद्युत् आपूर्तिलाई भरपर्दो र गुणस्तरीय बनाउन लाइन सुधारलगायतका कामहरु उच्च प्राथमिकतामा राखी अगाडि बढाउने छौं ।'

लमजुङको मस्र्याङ्दी गाउँपालिका–५ घेर्मुस्थित राधी साना जलविद्युत् केन्द्रको सबस्टेसनबाट ३३ केभी विद्युत् प्रसारण लाइन चामे गाउँपालिका–१ स्याक्र्युस्थित ३३÷११ केभी सबस्टेसनमा पुर्याइएको छ । उक्त सबस्टेसनबाट ११ केभी लाइन सदरमुकाम चामे हुँदै बेस क्याम्पमा पुर्याइएको हो ।

प्राधिकरणले मनाङमा विद्युत् आपूर्तिका लागि ४५ किलोवाटको चामे साना जलविद्युत र ८० किलोवाटको मनाङ साना जलविद्युत केन्द्र सञ्चालन गरेको छ । राष्ट्रिय प्रसारण लाइन ट्रिपिङ भई बन्द भएको वेला साना जलविद्युत केन्द्रबाट विद्युत् उत्पादन गरी आपूर्ति दिने गरिएको प्राधिकरण मनाङ वितरण केन्द्र प्रमुख राजु महतोले बताए ।

मस्र्याङ्दी करिडोर २२० केभी प्रसारण लाइन आयोजनाअन्तर्गत मनाङको नार्सों गाउँपालिका–१ धारापानीमा २२० केभी क्षमताको सबस्टेसन निर्माण सम्पन्न भई त्यहाँबाट लाइन दिन सुरु गरेपछि मनाङको विद्युत् आपूर्तिमा सुधार हुनेछ ।

धारापानी सबस्टेसनमा स्थानीय रुपमा विद्युत आपूर्तिका लागि आवश्यक संरचनाको व्यवस्था गरिएको छ । उक्त सबस्टेसनबाट लाइन दिन थालेपछि प्रसारण लाइन लम्बाइ घटी विद्युत् अपूर्तिमा सुधार हुनेछ । धरापानी सबस्टेसन डेढ वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी काम भइरहेको छ । रासस

# नेपालद्वारा थाइल्यान्ड पराजित

**काठमाडौँ ।**
यूएईमा जारी आईसीसी यू–१९ महिला टी–२० विश्वकप एसिया छनोटमा नेपालले थाइल्यान्डमाथि सहज जित निकालेको छ । आइतबार भएको खेलमा नेपालले थाइल्यान्डलाई १०६ रनको फराकिलो अन्तरले हराएको हो ।

टस जितेर सुरुमा ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर १३९ रन बनाएको थियो । जितका लागि १४० रनको लक्ष्य पाएको थाइल्यान्ड १६ ओभरमा ३३ रन बनाएर अलआउट भयो ।

गत बुधबारदेखि सुरु भएको प्रतियोगितामा नेपालले पहिलो खेल थाइल्यान्डसँग खेलेको थियो । उक्त खेलमा नेपालले थाइल्यान्डलाई ६७ रनको फराकिलो अन्तरले पराजित गरेको थियो ।

नेपालले आफ्नो दोस्रो खेल बिहीबार कुवेतसँग खेलेको थियो । उक्त खेलमा नेपालले कुवेतलाई १०८ रनले हराएको थियो ।

यसैगरी शनिबार खेलेको तेस्रो खेलमा नेपाल युनाइटेड अरब इमिरेट्स (यूएई)सँग पराजित भएको थियो । उक्त खेलमा नेपाल यूएईसँग १३ रनले पराजित भएको हो ।

प्रतियोगितामा आयोजक यूएईसहित नेपाल, कुवेत र थाइल्यान्ड सहभागी छन् । प्रत्येक टोलीले एकअर्कासँग दुई दुई खेल खेल्ने छन् । सहभागी चार टोलीमध्ये शीर्ष स्थान हासिल गर्ने टोली आइसीसी यू–१९ महिला टी–२० विश्वकपका लागि छनोट हुने छ ।

यू–१९ विश्वकप क्रिकेट प्रतियोगिता अर्को वर्ष जनवरीमा मलेसियामा आयोजना हुँदै छ ।

# हिमालले भोगिरहेको जलवायु परिवर्तनको गम्भीर चुनौती

**कमलकुमार बस्नेत**
**काठमाडौँ ।**

गत अक्टोबर २७ तारिखको बिहान ८ बजे लुक्लाबाट हेलिकप्टरमार्फत गोरकसेपमा ओर्लँदै गर्दा खुुसीले मन चङ्गा थियो । चहकिलो घाम, मज्जाले खुलेको मौसममा सगरमाथा, नुप्त्से, ल्होत्से, पुमोरीलगायतका हिमाल आँखैअगाडि छर्लङ्ग थिए । सगरमाथालगायतका हिमाललाई समीपैबाट धित मरुञ्जेल हेर्ने रहर पूरा हुँदै थियो । हाम्रो टोलीका आठ जनामध्ये आरोही मिङ्मातेञ्जी शेर्पा र कमल प्रसाईँ पहिलो उडानमा गोरकपेस पुगिसकेका थिए । दोस्रो उडानमा म र राजेन्द्र लुईंटेल पुगेका थियौँ । हामीलाई त्यहाँसम्म लैजाने सत्यकला तामाङ र फुर्बाग्याल्बो मोक्तान तथा लुक्लाका पर्यटन व्यवसायी नाम्गेल शेर्पा र नारायण अधिकारी हामीभन्दा पछिको उडानमा आउँदै थिए । 'हाइ अल्टिच्युड'का कारण गोरकसेपसम्मको उडानमा हेलिकप्टरले दुई जनाभन्दा बढी यात्रु नबोक्ने भएकाले हामीलाई त्यहाँसम्म पुग्न चारवटा उडानको भर पर्नुपरेको थियो ।

सगरमाथा आरोही तथा आधार शिविरसम्म पुग्नेका लागि होटल पाउने अन्तिम स्थान गोरकसेप भएकाले विदेशी पर्यटकको चहलपहल बाक्लै थियो । गोरकसेपको खोँचमा ढुङ्गैढुङ्गाले बनाएको गोलाकार थुम्को (हेलिप्याड) मा हेलिकप्टरबाट ओर्लँदै गर्दा 'अल्टिच्युड सिकनेस'ले गम्भीर एक जनालाई स्ट्रेचरमा हेलिकप्टरतर्फ ल्याउँदै गरेको देख्दा मन भारी भयो । कतै हाम्रो अवस्था पनि यस्तै त हुने होइन भन्ने मनमा डर लाग्न थालिसकेको थियो ।

हेलिकप्टरबाट ओर्लनेबित्तिकै हामीलाई मोबाइलबाट तस्बिर लिने हतार भइसकेको थियो । अघिल्लो उडानमा आएका मिङ्मा र प्रसाईँसँग भेट भयो । मिङ्माले मलाई हामी वरपरका सबै हिमाल एक–एक गर्दै चिनाइदिनुभयो । बाँकी साथी आउँदै गर्छन् हामी हाम्रो गन्तव्य कालापत्थरको उचाइतर्फ जाऔँ न त भन्ने भयो । यत्तिकैमा मेरो शरीर एक्कासी लुलो भएझैँ भयो । रिङ्गटा लागेजस्तै टाउको भारी भयो । एकैछिन अघिसम्म ऊर्जाले भरिएको शरीरबाट कसैले शक्ति खिँचेजस्तो गरी रित्तिएझैँ भयो । पछि थाहा भयो अरु साथिहरुलाई पनि मलाई जस्तै भएको रहेछ ।

दुई हजार आठ सय ६० मिटर उचाइको लुक्लाबाट १५ मिनेटमै पाँच हजार एक सय ८० मिटर उचाइको गोरकसेपमा पुगेका हामीले भोगेको समस्या मिङ्माले बुझिहाले । कैयौँपटक त्यही बाटो हुँदै सगरमाथाको टुप्पोसम्म पुग्नुभएका उनले हामीलाई विस्तारै होटलभित्र पुर्याए । उनले सुरुमा तातोपानी दिए । त्यसपछिको चियापत्ती मात्र हालेको चिनीबिनाको चिया औषधिजस्तै भयो । उनले लसुन र टिमुर हालेको चाउचाउको झोल पनि ल्याए । र जसरी पनि खानुपर्छ भन्दै उर्दी जारी गरे । चाउचाउको झोलले शरीर तात्न थाल्यो । मेरो शरीरले अलिक बिसेक मान्यो ।

एकमनले त यहाँसम्म आइहालियो, अब कालापत्थर नचढौँ कि भन्ने पनि भयो । लेक लागेर (अक्सिजन अभाव) सिकिस्तै भएका पर्यटकलाई एकैछिन अघि हेलिकप्टरमार्फत उद्धार गरेको देखेकाले पनि होला आत्मबल घट्दो थियो । तर मिङ्मा र कमल प्रसाईँले यो सामान्य हो भन्दै सम्झाए । उनीहरुको परामर्शपछि अलिकति आत्मबल बढेझैँ भयो । तलमाथि भइहाल्यो भने उनीहरु छन् भन्ने सोचले हौसला मिल्यो । होटलभित्र झण्डै आधा घण्टा बिताएपछि हामी कालापत्थर आरोहणका लागि तयार भयौँ ।

गोरकसेप सगरमाथाको प्रवेशविन्दु हो । गोरकसेपको नाम चराबाट लिइएको रहेछ । शेर्पाहरू राभेन चरालाई गोरक भन्दा रहेछन् । कुनै शेर्पाले यस क्षेत्रमा मरेको गोरक देखेकाले यस ठाउँको नाम गोरकसेप रहन गएको भन्ने जनविश्वास रहेछ । सन् १९५३ मे २९ तारिखमा तेञ्जिङ नोर्गे शेर्पा र सर एड्मण्ड हिलारीले पहिलोपटक सगरमाथाको सफल आरोहण गरेपछि यस क्षेत्रको लोकप्रियता र व्यापकता विश्वभर फैलिएको मानिन्छ । पर्यटकहरू गोरकसेपमा विश्राम गरेर कालापत्थर, सगरमाथा आधार शिविर हुँदै विश्वको सर्वोच्च शिखरसम्म पुग्छन् । लुक्लाबाट नाम्चे हुँदै गोरकसेप पुगेपछि चोला पास र गोक्योसम्म जाने पनि यही भेटिन्छन् ।

गोरकसेपबाट कालापत्थर र आधार शिविरतर्फ शेर्पाका साथमा लामबद्ध विदेशी पर्यटकले त्यतिबेलाको माहोल 'गुल्जार' बनाएको थियो । पिठ्युँमा ब्यागप्याक र दुवै हातमा ट्रेकिङ पोलका साथमा विभिन्न गन्तव्यतर्फ पाइला चालिरहेका पर्यटकहरूको पङ्क्ति निकै लोभलाग्दो थियो । हाम्रो गन्तव्य भने कालापत्थरको चुचुरो थियो । कालापत्थरको चुचुरोबाट जलवायु परिवर्तनका कारण यस क्षेत्रमा परेको असरबारे पत्रकार सम्मेलनमार्फत विश्वको ध्यानाकर्षण गराउनु थियो । हेर्दा नजिकैजस्तो देखिए पनि गोरकसेपबाट त्यहाँ पुग्न करिब दुई घण्टा लाग्ने रहेछ । तर मिङ्माजस्ता आरोहीका लागि भने आधा घण्टा नै काफी हुने रहेछ । वरिपरि सेताम्मे हिमाल भएर पनि कालापत्थर मात्र भएकाले यसको नाम कालापत्थर रहन गएको हो । यद्यपि कालापत्थरको उचाइमा हिउँको केही अंश भने बाँकी नै थियो ।

कालापत्थरबाट देखिने सगरमाथाको दृश्य अविष्मरणीय थियो । किनभने यसअघि माउन्टेन फ्लाइटलगायतबाट सगरमाथाको शिरमात्र देखेका मेरा आँखाले झण्डै पूर्ण आकारको सगरमाथा देख्नु 'बकेट लिस्ट' कम गर्नु थियो । सगरमाथाको पश्चितर्फ उभिएको नुप्त्से (शेर्पा भाषामा पश्चिम चुचुरो) र दक्षिणतर्फको ल्होत्से हिमाल (शेर्पा भाषामा दक्षिण चुचुरो) तथा कालापत्थरसँगै शिरको पुमोरीलगायतका हिमालको पानारोमिक भ्यूमा हेर्न पाउनु जति रोमाञ्चक र सुन्दर छ त्यतिनै सङ्घर्ष त्यहाँसम्म पुग्नमा रहेछ । पुमोरीको अर्र्थ शेर्पा भाषामा अविवाहित छोरी भनिने रहेछ । कतिपयले यसलाई सगरमाथाको छोरीका रूपमा पनि अथ्र्याउने रहेछन् ।

कालापत्थर पुग्ने हाम्रो योजना दसैँ अगाडि नै बनिसकेको थियो । तर पर्यटकीययाम भएकाले विदेशी पर्यटकको बाक्लो उपस्थितिका कारण जहाजको टिकट र हेलिकप्टर पाउनै मुस्किल हुनेरहेछ । काठमाडौँ–लुक्लाका लागि विमानको टिकट नपाएपछि हामी काठमाडौँबाट गाडीमा रामेछाप पुग्यौँ । प्रतिकूल मौसमका कारण विमान मन्थली–लुक्ला–मन्थली विमान र हेलिकप्टर नचल्दा हामीभन्दा अगाडि नै करिब पन्ध्र सय पर्यटक मन्थलीमै रोकिएका रहेछन् । त्यति नै सङ्ख्यामा लुक्लाका होटलमा रहेछन् । मन्थलीमा तीन दिन कुर्दा पनि मौसम अनुकूल नभएपछि हामी काठमाडौँ फर्कन बाध्य भयौँ ।

तर काठमाडौँ फर्केको एकाध दिनमा मौसम खुल्यो । मौसमसँगै हाम्रो मन पनि उज्यालियो । काठमाडौँबाट रामेछापसम्म गाडीमा र त्यहाँबाट विमान चढ्ने हाम्रो योजना बने पनि संयोगले काठमाडौँ–लुक्लाको उडानको टिकट मिल्यो । अक्टोबर २५ तारिखमा तीन जना र भोलिपल्ट दुई जना विमान तथा एक जना हेलिकप्टरमार्फत हामी लुक्ला पुग्यौँ । दुई जना भने पहिले नै लुक्ला पुगिसक्नुभएको थियो ।





हामी लुक्लामा छँदा त्यहाँका प्रायः सबै होटल पर्यटकले भरिएका थिए । पर्यटन व्यवसायीका लागि 'पिकआवर' थियो । प्रायः सबै खालको सुविधा प्राप्त हुने लुक्ला सगरमाथा क्षेत्रका लागि प्रवेशविन्दु हो । यहाँसम्म पुग्नका लागि हवाई उडान एकमात्र विकल्प हो । त्यसो त केही पर्यटक सल्लेरी हुँदै पदयात्रामार्फत पनि पुग्ने रहेछन् । यद्यपि अब लुक्लालाई मोटरेबल सडकको पहुँचले जोड्ने काम पनि भइरहेको रहेछ । विमानस्थल नजिकै बसपार्क निर्माणका लागि जग्गा पनि छुट्याइएको रहेछ । लुक्लासम्म सामान ढुवानीका लागि मानिसबाहेक विमान, हेलिकप्टरका साथै खच्चर र घोडा प्रयोग गरिन्छ भने त्यसभन्दा माथि हेलिकप्टर, खच्चर र घोडाले बोक्छन् । खच्चरलाई नाम्चेभन्दा माथि लैजान पाइँदैन ।

दुई दिन अगाडि नै लुक्ला पुगेका हामी तीन जनाले लुक्लाको गाउँ र बजार घुम्न पायौँ । स्थानीय पर्यटन व्यवसायी तथा समाजसेवी नाम्गेल शेर्पाले सुच्या र अमेरिकानोको स्वाद चखाउँदै पासाङल्याह्मु शेर्पाको सङ्ग्रहालयसहित लुक्ला बजार घुमाए । स्थानीय जनप्रतिनिधि, व्यापारीलगायतसँग भलाकुसारीसहित गुम्बालगायतका ऐतिहासिक सम्पदा पुग्ने मौका पनि जुर्यो । कालापत्थर जानुभन्दा अघिल्लो दिन मेरापिक जाने बाटोतर्फ पदयात्राको छोटो–मीठो 'रिहर्सल' पनि गर्न पायौँ ।



गोरकसेप जानका लागि अक्टोबार २७ तारिखको बिहान साढे ६ बजे नै हेलिप्याड बोलाइएको थियो । हामी त्यहाँ पुग्दा हेलिकप्टर उडान र अवतरण भइरहेको थियो । विदेशीहरू आउने र जाने क्रम चलिरहेकै थियो । यत्तिकैमा हाम्रो पनि पालो आयो । लुक्लादेखि पाक्दिङ, नाम्चेबजार, पाङबोचे, दुक्ला हुँदै विभिन्न हिमशृङ्ख्ला र हिमताल हेर्दै निमेषभरमै गोरकसेप पुगेको पत्तै भएन ।

गोरकसेपबाट कालापत्थरको उचाइसम्मको दूरी धेरै होइन । समथर भए १० मिनेट र पहाडमा भए करिब ३० मिनेट । तर उच्च उचाइको उक्त क्षेत्रमा पाइला अघि बढाउनै मुस्किल हुनेरहेछ । हामी त्यसै पनि दुई घण्टामा पाँच हजार एक सय ८० मिटरबाट पाँच हजार छ सय ५३ मिटरको उचाइमा पुग्दै थियौँ ।

पाइलैपिच्छे अल्टिच्युड बढ्ने भएकाले प्रत्येक पाइला चाल्दा मात्रै शरीरमा बोझ थपिएजस्तो हुनेरहेछ । हामी प्रत्येक १०–१५ पाइलापछि थकाइ मेट्थ्यौँ । सबैभन्दा अगाडि मिङ्मा र पछाडिबाट नाम्गेल शेर्पाले टोलीलाई सम्हाल्दै अगाडि बढाइरहेका थिए । फुर्बाले समयसमयमा चकलेटको टुक्रा र त्यसलाई निल्न तातोपानी दिँदै शरीरमा ऊर्जा थपिरहेका थिए । कमल प्रसाईँ तस्बिर र श्रव्यदृश्य कैद गर्दै अगाडि बढेका थिए ।

कालापत्थरको चुचुरोमा पुगेपछि मिङ्माले हिमालबारेको अनुभव साटे । 'तपाईँहरूले देखेको सगरमाथा, नुप्त्से र ल्होत्से पहिलेजस्ता छैनन्, १७ वर्षअघि मैले यस क्षेत्रमा काम गर्दा हिमालमा बाक्लो हिउँ हुन्थ्यो, तर अहिले कालापहाडजस्तै बनेका छन्, कतैकतै मात्रै बाक्लो हिउँ देखिन्छ अन्यत्र पातलो छ', उनले भने । उनका अनुसार यो जलवायु परिवर्तनको असर हो । यही कारणले खुम्बु क्षेत्रकै थोमेमा केही समय अगाडि बाढीपहिरो गयो । दुईवटा हिमताल फुट्दा पर्यटकीय गाउँ थामेको पहिचान मेटिएको उनको बुझाइ छ ।

पर्यटन व्यवसायी नाम्गेलले पनि त्यस्तै अवस्था सुनाए । सगरमाथाको पारिपट्टिको चीनमा भएका ठूला औद्योगिक क्षेत्रबाट उत्पन्न हुने कार्बन उत्सर्जनको असर हाम्रो हिमालमा देखिएको उनको बुझाइ थियो । त्यसो त गत वर्ष संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टेनियो गुटेरेसले खुम्बु क्षेत्रमै आएर जलवायु परिवर्तनले हिमालमा पारेको असरबारे विश्वको ध्यानाकर्षण गराउने प्रतिबद्धतासमेत जनाएका थिए ।

**जलवायुको असर**

खुम्बु क्षेत्र हिमाल हेर्न रहर गर्नेका लागि जति रहरलाग्दो छ, त्योभन्दा बढी पीडा जलवायु परिवर्तनका कारण यस क्षेत्रमा परेको असरबाट यहाँका स्थानीय पीडित छन् । एसियाली विकास बैंकले केही दिनअघि प्रकाशित गरेको 'द रुफ अफ द वर्ल्ड इज मेल्टिङ' शीर्षकको लेखमा जलवायु परिवर्तनका कारणले एसियाका हिमनदी तीव्रगतिमा पग्लन थालेकाले यसले स्थानीयमा जोखिम बढाएको उल्लेख छ ।

हिमनदी पग्लन थालेपछि खानेपानीका लागि हिमनदीमा आश्रित एसियाका दुई अर्बभन्दा बढी व्यक्ति प्रभावित भएको समेत उल्लेख छ । त्यतिमात्र होइन, हिमालबाट बग्ने उक्त पानी खानका लागि मात्र नभई विद्युत् उत्पादन, सिँचाइ, पशुपक्षी तथा माछापालन र कृषिमा समेत महत्वपूर्ण मानिएकाले यसतर्फ ध्यान दिनुपर्ने उल्लेख छ ।

खुम्बुमात्र होइन, नेपालसहितका आठवटा देशमा फैलिएको विश्वको तेस्रो महत्वपूर्ण 'वाटर टावर' भनिने हिन्दुकुश हिमालय क्षेत्र पनि जलवायु परिवर्तनको असरबाट सबैभन्दा प्रभावित छ । हिन्दुकुश हिमालय क्षेत्रलाई अत्यधिक 'आइस रिजर्भ'का कारण पनि पृथ्वीको तेस्रो पोल पनि भन्ने गरिन्छ । एसियाली विकास बैंकको अध्ययनअनुसार यस शताब्दीको अन्त्यसम्ममा यस क्षेत्रमा जलवायु परिवर्तनका कारण जम्मा भएको हिउँको ७५ प्रतिशत पग्लनेछ । यसले बाढीपहिरो बढाउनुका साथै खानेपानी, सिँचाइ, कृषि, जलविद्युत्लगायतका लागि खानेपानीको अभाव सुरु हुनेछ ।

कुल तीन हजार पाँच सय किलोमिटर हिमाली क्षेत्रमा फैलिएको यो क्षेत्र नेपालसहित अफगानिस्तान, बङ्गलादेश, भुटान, चीन, भारत, म्यानमार र पाकिस्तानसम्म फैलिएको छ । यो क्षेत्रबाट निस्कने प्रमुख नदीमा अमु दर्या, ब्रह्मपुत्र, गङ्गा, हिन्दुस, एरावती, मेकोङ, सलविन, तारिम, याङते र यल्लो नदी छन् । जसमा यस क्षेत्रको ठूलो जनसंख्या आश्रित छ ।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)को अध्ययनअनुसार हिन्दुकुश हिमालय क्षेत्रमा जलवायु परिवर्तनको असर विश्वको औसतको तुलनामा तीन गुणा बढी छ । इसिमोडका अनुसार उक्त क्षेत्रमा सन् २०११ देखि सन् २०२० को एक दशकमा त्यसअघिको तुलनामा हिमनदी पग्लने क्रम ६५ प्रतिशतले बढी छ । त्यसैले हिमालमात्र होइन, यससँग आश्रित तराईसम्मको पारिस्थितिक प्रणाली जोगाउनका लागि पनि जलवायु परिवर्तनले पारेको असरबारे गम्भीर हुनुपर्ने समय आइसकेको छ । रासस



**मुहार फेरिएको कृषि औजार कारखाना:** रङरोगन गरिएको तीन दशकदेखि बन्द रहेको कृषि औजार कारखानाको अगाडिको भाग । राष्ट्रिय आविष्कार केन्द्रले सञ्चालन र व्यवस्थापनको जिम्मेवारी लिएसँगै कारखाना भित्रका औजार तथा उपकरण पनि सञ्चालनमा ल्याइएको छ । नेपाल कमर्शियल आर्टिस्ट एशोसिएसनका कलाकारले निःशुल्क रङ लगाएर कारखानाको अगाडिको भागलाई चिटिक्क पारेको राष्ट्रिय आविष्कार केन्द्रले जनाएको छ । तस्बिरः हिमाल लम्साल/रासस

# गोविन्दपुर हुँदै हसवा जोड्ने सडक शिलान्यास



**मधेशदृष्टि**
**वीरगंज ।**
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ताले पर्साको पकाहमैनपुर गाउँपालिकाको गोविन्दपुर हुँदै हसवा जोड्ने सडकको शिलान्यास गरेका छन् । संघीय सरकारको लगानीमा निर्माण हुने यो सडक १२३६ मिटर लम्बाईको सडकको आईतबार मन्त्री गुप्ताले शिलान्यास गरेका हुन् । सडक कालोपत्रे भएमा पोखरीया पुग्न तिलावे पुल हुँदै बिन्दबासिनी पुग्नु नपर्ने बताउँदै रणनीतिक रुपमा पनि उक्त सडक स्थानीयका लागि महत्वपूर्ण रहेको उल्लेख गरे । मन्त्री गुप्ताले महत्वपूर्ण र अति आवश्यक योजना मात्र माग गर्न आग्रह गर्दै धेरै मागेर योजना अपुरो छोड्नु भन्दा आवश्यकता अनुसार माग गरेर पूर्ण गर्नुपर्नेमा जोड दिए । धेरै भारि बोके बिचैमा छोड्नु पर्ने तर्क गर्दै उनले विकासका आयोजना थोरै आवश्यकता र महत्व हेरेर माग गर्नुपर्ने बताए । विगतमा शिलान्यास भएर सम्पन्न नभएका धेरै आयोजनाहरू रहेको सङ्केत गर्दै सोही कारण तीनै तहका सरकार प्रति नागरिकको नैराश्यता बढेको बताए । मन्त्री गुप्ताले नागरिक आफ्नो कुलदेवताको मूर्तिदेखि सामूदायिक भवन पनि सरकारले बनाइ दियोस भन्ने आकांक्षामा रहेको भन्दै सबै कुरा सरकारले गर्छ, हामीले केही गर्नु पर्दैन भन्ने सोचमा नरहन आग्रह समेत गरे । ९३ लाख रुपैयाँ बजेटमा निर्माण सम्पन्न हुने यो सडक मनिष कन्ट्रक्सनले सडक डिभिजन कार्यालय हेटौंडालाई हस्तान्तरण गर्नु पर्नेछ । पोखरिया नगरपालिकाका नगर प्रमुख प्रधुमन चौहानको अध्यक्षतामा भएको शिलान्यास कार्यक्रममा नगर उपप्रमुख रुवि ठाकुर लगायत वडा अध्यक्षहरुले मन्तब्य राखेका थिए ।

# मधेशका वन–जङ्गल घट्दै



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा रहेका वन–जङ्गलका क्षेत्र क्रमिक रूपमा घट्दै गएको एक तथ्याङ्कले देखाएको छ । मधेश प्रदेशमा रहेका आठ जिल्लामा पाँच हजार छ सय ९२ हेक्टरभन्दा बढी वनक्षेत्र अतिक्रमण भएको बताइएको छ । मधेश प्रदेश वन मन्त्रालयबाट प्राप्त जानकारी तथा तथ्याङ्कअनुसार प्रदेशमा करिब दुई लाख दुई हजार दुई सय हेक्टर जमिन वनजङ्गलले ढाकेको छ । सो क्षेत्रमध्ये पाँच हजार छ सय ९२ हेक्टर वनको जमिन अतिक्रमण भएको जनाइएको छ । मन्त्रालयबाट प्राप्त विवरणमा सप्तरीमा ७ दशमलव २५ हेक्टर, सिरहामा नौ सय ९३ दशमलव १४० हेक्टर, धनुषामा आठ सय ७२ हेक्टर, महोत्तरीमा तीन सय २९ दशमलव ८० हेक्टर, सर्लाहीमा एक सय ६४ दशमलव ७८ हेक्टर, रौतहटमा तीन हजार एक सय ९० दशमलव ५४० हेक्टर, बारामा शून्य दशमलव ३४० हेक्टर तथा पर्सामा एक सय ३४ दशमलव ३२० हेक्टर वन अतिक्रमण भएको हो । मधेश प्रदेशको कूल क्षेत्रफलको २२ दशमलव ८ प्रतिशत वनको क्षेत्रफल रहेको छ । मन्त्रालयका अनुसार वन संरक्षण तथा अतिक्रमणका सम्बन्धमा भए÷गरेका विभिन्न अध्ययनमा पहाड, तराई तथा भित्रीमधेशका जिल्लामा विभिन्न राष्ट्रिय वन, सामुदायिक वन, साझेदारी वन, संरक्षित वनक्षेत्रका जमिन अतिक्रमण भएको हो ।

# सिरहा कारागार प्रकरणः छानबिन गर्ने समिति गठन




**सिरहा ।**
सिरहा कारागारमा कैदीहरुले कारागारभित्रै मदिरा सेवन गर्नेदेखि अवैध लागुऔषधसमेत कारोबार गर्ने गरेको सम्बन्धमा अनुसन्धान गर्न आज पाँच सदस्यीय छानबिन समिति गठन गरिएको छ ।

प्रहरी नायब उपरीक्षक विष्णुप्रसाद सोतीको नेतृत्वमा छानबिन समिति गठन भएको हो ।

प्रहरी नायब उपरीक्षक सोतीको नेतृत्वमा जिल्ला प्रशासन र कारागार कार्यालयका प्रतिनिधिसमेत रहनेगरी पाँच सदस्यीय छानबिन समिति गठन गरिएको सिरहाका प्रमुख जिल्ला अधिकारी वासुदेव दाहालले जानकारी दिए ।
उनका अनुसार समितिले सोमबारदेखि काम शुरु गर्नेछ । छानबिन समितिलाई १५ दिनभित्र जिल्ला सुरक्षा समितिलाई प्रतिवेदन बुझाउने समय दिइएको छ । छानबिन समितिले बुझाउने अनुसन्धान प्रतिवेदनका आधारमा कानुनी कारबाही प्रक्रिया अघि बढ्ने प्रजिअ दाहालले बताए ।

केही दिनअघि कारागारभित्रै मूल नाइके र अन्य कैदीहरुले मदिरा खाँदै गरेको तथा मोबाइल चलाउँदै गरेको घटना प्रमाणसहित सञ्चारमाध्यममा सार्वजनिक भएको थियो । यस्तै, कारागारमा लागूऔषध उपलब्ध हुनेगरेको तथ्य पनि खुलेको थियो । यसअघि शनिबार कारागारमा सिरहाका प्रजिअ दाहालको नेतृत्वमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेनालगायतको उपस्थितिमा अनुगमन गरिएको थियो । उक्त अनुगमनका क्रममा कारागारमा सुर्ती, चुरोटलगायतका अवैध वस्तुहरू भेटिएको बताइएको छ ।

यस्तै, यस प्रकरणमा कारागार व्यवस्थापन विभागले शुक्रबार नै जिल्ला प्रशासन कार्यालय सिरहालाई घटनाको छानबिन गरी संलग्नलाई कारबाही गर्न र कारागार कार्यालय सिरहालाई घटनाबारे प्रतिवेदन पठाउन लिखित रूपमा नै निर्देशन दिएको थियो ।

# पुनः परीक्षाको मौका

**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय परीक्षा बोर्डले ११ र १२ को विगतका परीक्षामा सहभागी भएर उत्तीर्ण हुन नसकेका वा तोकिएको ग्रेड प्राप्त गर्न नसकेका २१ वर्ष पुराना परीक्षार्थीलाई मौका परीक्षा व्यवस्था गर्ने भएको छ । बोर्डको यो व्यवस्था अनुसार बोर्डबाट सम्बन्धन लिएर सञ्चालित शैक्षिक संस्थामा यसअघि अध्ययन गरेका तर परीक्षामा अनुत्तीर्ण वा अनुपस्थित भएका जतिसुकै पुराना विद्यार्थीले पनि मौका परीक्षामा बस्न पाउने भएका छन् । बोर्डका परीक्षा नियन्त्रक कृष्णप्रसाद शर्माका अनुसार पहिलो पटक २०५६ सालमा परीक्षामा सहभागी भएकादेखि २०७७ सालमा सहभागी भएर अनुत्तीर्ण भएका यस्तो परीक्षामा सहभागी हुन पाउने छन् ।

यो २१ वर्षको अवधिमा सञ्चालन गरिएको नियमित तथा मौका परीक्षामा सहभागी भएर पनि अनुत्तीर्ण भएका परीक्षार्थीको सङ्ख्या १४ लाख रहेको बोर्डको अनुमान छ । मौका परीक्षामा सहभागी हुन फाराम भर्नेको संख्या हेरेपछि उनीहरूलाई कहिलेदेखि मौका परीक्षा सञ्चालन गर्ने भन्ने निर्णय गरिने परीक्षा नियन्त्रक शर्माले बताए । १४ लाखले नै मौका परीक्षामा सहभागी हुन फाराम भरे भने चरणबद्ध रूपमा परीक्षा सञ्चालन गर्ने बोर्डको तयारी छ ।


# पर्व विदा पछि खुले सरकारी कार्यालय

**मधेशदृष्टि**
**वीरगंज ।**
तिहार र छठ विदा पछि कर्मचारीहरु सरकारी कार्यालयमा अधिक संख्यामा आइतबारदेखि हाजिर भएका छन् । गत हप्ता मंगलबार र बुधबार दुई दिन कार्यालय खुले पनि कर्मचारीको उपस्थिति न्युन रहेको थियो । कर्मचारीको न्युन उपस्थितिका कारण सेवाग्राहीको कामकाज समेत प्रभावित भएको थियो । हप्ताको पहिलो दिन आईतबारदेखि भने कर्मचारीको उपस्थिति करिब पूर्ण रहेको र कार्यसम्पादन पनि हुँदै आएको सेवाग्राहीले बताएका छन् । खासगरी सेवाग्राहीले आफनो कामकाज छिटो र छरितो तरिकाले सम्पादन होस् भन्ने चाहना राखेका हुन्छन् । सोलाई मध्यनजर गरी कर्मचारीले पनि सेवाग्राहीमैत्री व्यवहार गर्नु पर्ने उनीहरुको सुझाव छ ।

# बढी भाडा लिने सवारी चालक नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज ।**
साविक भन्दा बढी भाडा लिएकोभन्दै पर्सा प्रहरीले ३ जना यातायातकर्मीलाई नियन्त्रणमा लिएको छ । वीरगंज देखि काठमाडौंको सुमोको भाडा सरदर ८ सय रुपैयाँ रहेता पनि व्यवसायीहरुले १५ सय देखि १८ सय रुपैयाँसम्म असुल्दै आएका थिए ।
यति खेर छठ पर्व मनाएर काठमाडौं फर्कनेको संख्या अत्याधिक रहेको मौका छोपेर व्यवसायीहरुले मनपरि तरिकाले भाडा असुल्दै आएको यात्रुहरुको गुनासो छ । सो बारेमा रेडियो वीरगंजले समाचार समेत प्रसारण गरेपछि प्रहरीको निगरानी र ध्यानाकर्षण समेत भएको छ ।

बढदो भाडा लिएको सूचना पाए आफूहरुले कारवाही गर्ने पर्सा प्रहरीका प्रवक्ता दिपक भारतीले बताए ।



नेपालका लागि आधिकारिक बिक्रेता : देवकी ट्रेडर्स
मो. 9855021614

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन